# संघीय संसद
# राष्ट्रिय सभा
# तेह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २९ पुस २०७९
# शुक्रवार
# बैठक सङ्ख्या- २

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । माननीय जगप्रसाद शर्मा । समय १२ मिनेट । यसपछि माननीय जितेन्द्र नारायण देव ।

(१३:०५ बजे) **माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, यो तेह्रौं अधिवेशन, राष्ट्रिय सभाको तेह्रौं अधिवेशन सुरु भएको छ । यसको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु सबभन्दा पहिले । सभा अध्यक्ष महोदय, भरखरै मङ्सिर ४ मा आवधिक चुनाव सम्पन्न भएर यहाँसम्म आइपुग्दा देशले नयाँ सरकार प्राप्त गरेको छ । अहिले यो मङ्सिर ४ मा सम्पन्न भएको चुनावपछि देशले प्राप्त गरेको सरकार र मङ्सिर ४ पछि जनताले दिएको म्यान्डेट, जनादेश जो

छ त्यो जनतादेश अनुकूलको सरकार बनेको छ । यो सरकारले प्रारम्भिक रूपमा सकारात्मक ढङ्गले आफ्ना कामहरू अगाडि बढाउन सुरुवात पनि गरेको छ । भलै यो सरकारले पूर्णता पाउन अझै बाँकी छ । यो सरकारको नेतृत्व गर्ने सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" नेतृत्वको सरकारलाई म बधाई दिन चाहन्छु र कार्यकाल सफलताको शुभकामना दिन चाहन्छु । र यसै राष्ट्रिय सभाबाट यो वर्तमान सरकारको उपप्रधानमन्त्री तथा भौतिक मन्त्री माननीय नारायणकाजी श्रेष्ठको कार्यकाल सफलताको शुभकामना दिन चाहन्छु र उहाँलाई म बधाई दिन चाहन्छु ।

सम्माननीय सभा अध्यक्ष महोदय, यति बेलाको, यतिखेरको स्थिति खास गरी यो मङ्सिर ४ को चुनावको पेरिफेरीमा नेपालका सबै राजनीतिक दलहरूले अगाडि सारेको एउटा साझा मुद्दा, साझा एजेन्डा देशमा सुशासन कायम गर्छौं र समृद्धि कायम गर्छौं भन्ने मुद्दा र एजेन्डा सबै राजनीतिक दलहरूले अगाडि सारेको साझा मुद्दा र एजेन्डा हो । यहाँ जसरी विगत ०७२ सालमा संविधान जारी भइसकेपछि यो समृद्धिको मुद्दा, सुशासनको मुद्दा मुख्य बनेर जो आएको छ भलै जनताको अपेक्षाअनुरूप गएको पाँच वर्ष जनअपेक्षाअनुरूप पूरा हुन सकेन । संविधान बनाउँदा नेपालका राजनीतिक दलहरूको बिचमा एउटा सहमति अथवा एउटा संवादको तरिकाले एउटा सहमतिमा संविधान बन्यो । त्यो एउटा संवादको चरण अथवा वादको चरण रह्यो । त्यसलाई कार्यान्वयन गर्ने सवालमा त्यो संविधान आफैमा नितान्त मौलिक खालको र एउटा उत्कृष्ट खालको संविधान थियो । र त्यसलाई नेपालको विशिष्टतामा लागु गरेर जाने, त्यसलाई कार्यान्वयन गरेर जाने सवालमा थुप्रै संविधाले निर्देशित गरेअनुरूप पनि कानुनहरू निर्माण गर्ने, विधेयकहरू निर्माण गर्नुपर्ने आवश्यकता थियो । जो धेरै कामहरू, कतिपय कामहरूजस्तो अझै बाँकी छन् । तर यो संविधान कार्यान्वयन गर्ने सवालमा विगत पाँच वर्ष एउटा सङ्घर्षको चरण, एउटा छलफलको चरण, सङ्घर्षको चरणबाट गुज्रियो ।

यसरी हेर्दा यो नयाँ अहिले मङ्सिर ४ को चुनावपछि एउटा नयाँ स्थिति स्वभावैले पैदा भ'को छ । यसको बारेमा विभिन्न टीकाटिप्पणीहरू पनि भइराखेका छन् । एउटा व्याख्या विश्लेषणहरू पनि भइराखेका छन् । ती आफ्ना ठाउँमा हुँदै जाने छन् । त्यो आफ्नो ठाउँमा छ । मुख्यतः यसलाई कसरी बुझ्न र विश्लेषण गर्न सकिन्छ भन्ने लाग्छ भने एउटा वादविवाद संवादको चरणबाट, वादको चरणबाट गुज्रिँदा संविधान बन्यो । विवादको चरणबाट गुज्रिँदा गएको पाँच वर्ष एउटा बहस, छलफल र एउटा विवादको चरणबाट अथवा सङ्घर्षको चरणबाट गुज्रियो । त्यो अध्याय पूरा भइसकेपछि सिङ्गो देशमा कार्यरत यो सबै राजनीतिक पार्टीहरू एउटा

संवादको चरणमा प्रवेश गरेको अनुभूत गर्न सकिन्छ । सबैलाई यस्तो किसिमको अनुभूति भएको छ ।

कि अब मिसन खास गरी संविधानको मिसन, राष्ट्रको मिसन, जनताको अपेक्षाको मिसन भनेको समृद्धि हो । त्यो समृद्धि पूरा गर्नका निम्ति त्यसका तीनवटा पिल्लरहरू, खास गरी एउटाः राष्ट्रिय एकता सहकार्य, दोस्रोः सुशासन र तेस्रोः स्थिरता । यी तीनवटा आधारहरू पूरा गरेर मात्रै हामीले समृद्धिको वास्तविक मिसन पूरा गर्न सक्छौं र संविधानले परिकल्पना गरेको यो देशलाई समाजवाद उन्मुख भनेर संविधानले जो ढङ्गले परिकल्पना गरेको छ त्यो उद्देश्य हामीले पूरा गर्न सक्छौं । तसर्थ, गएको पाँच वर्षमा सुशासनको बारेमा, स्थिरताको बारेमा र राष्ट्रिय एकताको बारेमा बहस, छलफल हुँदै एउटा नयाँ सश्लेषणमा एउटा नयाँ चरणमा यो राष्ट्र अथवा नेपालका राजनीतिक दलहरूजस्तो आइपुगेका छन् । यो वा त्यो रूपमा आआफ्ना ढङ्गले फरक रूपले नेपालको विशिष्टतामा यो अवस्थामा जस्तो आइपुगेको अनुभूति यतिखेर स्वभावैले गर्न सकिन्छ । अब जनताका अपेक्षा पूरा हुने गरी वर्तमान सरकार बनेपछि जो दिनको सङ्केत बिहानीले दिन्छ भनेजस्तै बनेकै अवस्थादेखि यता आउँदाखेरि केही सेवामुखी कामहरू र केही प्रारम्भिक ढङ्गले सकारात्मक एउटा सन्देश जनतामा, राष्ट्रमा जो ढङ्गले गएको छ अब खास गरी हामीले यो देशमा सुशासन कायम गर्ने कुरा स्थिरता स्थायित्व, स्थिरता दिने कुरा र एउटा विगत राष्ट्रिय एकता कायम गरेर समृद्धिको लक्ष्य र उद्देश्यलाई पूरा गर्ने र संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने दिशामा अगाडि बढिराखेको स्थिति यतिखेरको छ ।

र खास गरी यो विगतका कतिपय ह्याङओभरहरू अवशेषहरू जो बाँकी रहेका छन् । जसले आरोप र प्रत्यारोप लाउने र खुट्टा तान्ने प्रवृत्तिहरूभन्दा राम्रो गरेर देखाउने र सम्भव छ र सम्भावना छ भन्ने देखाउने एउटा आवश्यकता यतिखेर छ भन्ने लाग्छ र यो अर्थमा वर्तमानको गठबन्धन सरकार जो छ अथवा एउटा राष्ट्रिय सहमतिको दिशामा सहकार्यको दिशामा आपसी समझदारीको दिशामा जो अगाडि बढिराखेको छ । यसले स्वभावैले आफ्नो लक्ष्य यसले पूरा गर्ने छ भन्ने विश्वास व्यक्त गर्न सकिन्छ । विश्वास लिन सकिन्छ । र यो अर्थमा वर्तमान सरकारलाई म शुभकामना, यसको कार्यकाल सफलताको शुभकामना र बधाई दिन चाहन्छु ।

र मैले अर्को एउटा अन्तिम विषय म राख्न यहाँ के चाहन्छु भने पूर्ववक्ता माननीयहरूले पनि यहाँ उठाउनुभएको छ । म सभा अध्यक्षमार्फत ध्यान आकृष्ट गर्न चाहन्छु । राष्ट्रिय सभाको काम कर्तव्यको बारेमा अथवा राष्ट्रिय सभाका सदस्यहरूको यो सभाको एउटा काम, कर्तव्य र अधिकारको बारेमा एउटा बहस उठ्ने गरेको छ । छलफलहरू उठ्ने गरेको छ । त्यो कतै प्रतिनिधि सभाको छाया बन्ने स्थिति त हुने होइन? र यसले एउटा प्रभावकारी भूमिका

कसरी निर्वाह गर्न सक्छ भन्ने बहस यतिखेर उठेको छ । खास गरी यसलाई कैयौं विषयमा एउटा नजिर अनुसरण गर्न लायक र उदाहरणीय ढङ्गले केही कामहरू जस्तो सुरुआत सामान्य रूपमा सुरुआत त भएका छन् । आफ्ना ठाउँमा तै पनि हामी जहाँबाट इलेक्टेट भएर आएका हौं । प्रतिनिधि सभामा प्रत्यक्ष इलेक्टेट भएर आएका निर्वाचित भएर आएका माननीयहरूले एक् ढङ्गले त्योप्रति उत्तरदायी हुने र राष्ट्रिय सभाका सदस्यहरू जहाँबाट निर्वाचित भएका आएका हुन् त्यो निर्वाचित हुने निकायसँग जोडिने कहीं न कहीं समस्या रहेको अनुभूति गर्न सकिन्छ । त्यो अर्थमा योबारेमा एउटा छलफल बहस सरकारको ध्यान केन्द्रित गर्ने कुरा विधेयक कानुन निर्माण गर्ने सवालमा होस् । विगतका भलै यो विगतको जस्तो राष्ट्रिय सभा होइन । ०७२ को संविधानपछि नयाँ ढङ्गले जस्तो बसेको राष्ट्रिय सभा त आफैमा हुँदै हो । विगतमा प्राइभेट रूपले बनेका तीनओटा कानुनहरू तीनओटा विधेयकहरू यही राष्ट्रिय सभामा काम गर्ने मेरो अध्ययनअनुसार यही राष्ट्रिय सभामा काम गर्ने माननीयहरूले अगाडि बढाएका चाहे त्यो स्वास्थ्यसम्बन्धीको कानुनी सहायता केन्द्रसम्बन्धीको अर्को यी तीनओटा प्राइभेट कानुन प्राइभेट विधेयकहरू जे अगाडि सारिएका थिए । राष्ट्रिय सभामा काम गर्ने यो उसबाट अगाडि सारिएका थिए । कहीं यतैपट्टिको यो दिशापट्टि अथवा यतापट्टिको हामीले काम खोजेर कामको शाखा खोलेर अगाडि बढाउन सक्दाखेरि जस्तो राष्ट्रिय सभाको काम, कर्तव्यलाई अगाडि बढाउन सकिन्छ कि भन्ने म यहाँ सुझाव व्यक्त गर्न चाहन्छु र म यहाँ ध्यानाकृष्ट खास गर्न चाहन्छु । गरी हामीले यहाँबाट पारित गरेको सङ्कल्प प्रस्ताव र सङ्घीयता कार्यान्वयनसम्बन्धी जो आजको कार्यसूचीमा पनि यहाँ पेस हुँदै छ । यस्तै हामीले अन्य ऊहरू पनि खोजेर जान सक्छौं भन्ने कुरा म राख्दै मेरा भनाइहरू यहीं अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय श्री जितेन्द्र नारायण देव । समय १० मिनेट । यसपछि माननीय श्री भैरव सुन्दर श्रेष्ठ ।

**(१३:०५ बजे) <u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, भर्खरै केही दिनअगाडि पुस २६ गते संघीय संसदको प्रतिनिधि सभामा एउटा अभूतपूर्वअद्भुत र आश्चर्यनजक राजनीतिक परिदृश्य देखियो । २७० विश्वासको मत लिने प्रक्रियामा २७० मत खसेकोमा २६८ मत प्राप्त गरेर कमरेड प्रचण्ड यो देशको सम्माननीय प्रधानमन्त्रीको रूपमा विश्वासको मत प्राप्त गर्नुभयो । यो परिघटनालाई विभिन्न राजनीतिक कोणबाट र त्यसपछाडि उहाँले विश्वासको मत लिइसकेपछाडि र विश्वासको मत लिने प्रक्रियामा

नेपाली काँग्रेसले जुन राजनीतिक पोजिसन बनायो । प्रतिपक्षमा बस्ने तर विश्वासको मत दिने र सरकारलाई गुण दोषको आधारमा विश्लेषण गर्दै अगि बढ्ने अर्थात यसलाई अझ गहिरिएको राजनीतिक भाषामा भन्ने हो भने आलोचनात्मक समर्थनको राजनीतिक पोजिसनबाट नेपाली काँग्रेसले आफ्नो धारणा बनायो, निर्णय गर्यो त्यसलाई लागु गर्यो । अब यसलाई विभिन्न कोणबाट कसैलाई कसैले अलिकति नकारात्मक कोणबाट यो नेपाली काँग्रेसले धोक्सा थापेको, कुनै खेल खेल्न खोजेको भन्ने कोणबाट पनि कुराहरू अगाडि सारिराखेको अवस्था छ ।

(१३:१६ बजे) **<u>पीठासीनः</u>**- माननीय अनिता देवकोटा ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- कसैले अलिकति क्रान्तिकारी शुद्धतावादको हिसाबले या लोकतान्त्रिक शुद्धतावादको हिसाबले विश्वासको मत नदिएर प्रतिपक्षमै बसेर आलोचनाकै पोजिसनबाट काम गर्नुपर्थ्यो भन्ने कोणबाट पनि केही बुद्धिजीविहरूको कुराहरू आइरहेको अवस्था छ । र तेस्रो कोण भनेको कि हैन अहिलेको जुन देशको राजनीतिक परिस्थिति छ । अलिकति सङ्कटपूर्ण छ । अलिकति संवेदनशील छ । नेपालको संविधानलाई जो अत्यन्त नेपाली जनताको रगत र पसिनाबाट लामो सङ्घर्षबाट संघीय लोकतान्त्रिक गणतन्त्रको जुन मन्दिर खडा गरिएको छ । त्यसलाई बचाउनुपर्ने, त्यसलाई अझै परिमार्जन गर्नुपर्ने, त्यसलाई बचाउनुपर्ने राजनीतिक आवश्यकता छ । यस्तो अवस्थामा एउटा परिपक्व राजनीतिक निर्णयको आवश्यकता थियो र त्यो नेपाली काँग्रेसले लियो भन्ने कोणबाट पनि यो परिघटनाको विश्लेषण भइराखेको छ ।

र म खास गरेर नेपाली काँग्रेसले जुन राजनीतिक पोजिसन बनायो । प्रतिपक्षमा बसेर विश्वासको मत दिएको कुरालाई हामी दिनुपर्छ र हामी दिन्छौं र हामी दियौं भन्ने जुन पोजिसन बनायौं त्यसलाई अलिकति म आज यो मुलुकमा यो मुलुकमा प्रचण्ड कमरेड प्रचण्डलाई पुष्पकमल दाहाल बनाउने प्रयत्न भइराखेको छ । लामो समयदेखि प्रचण्डलाई पुष्पकमल दाहाल बनाउने प्रयत्न यो मुलुकमा भइराखेको छ । हामी त्यसलाई चिर्न खोजेका हौं । नेपाली काँग्रेसले त्यो प्रवृतिलाई, त्यो षडयन्त्रलाई, त्यो डिजाइनलाई हामीले पराष्त गर्न खोजेका छौं । नेपाली काँग्रेसले पराष्त गर्न खोजेको छ । प्रचण्ड प्रचण्डकै रूपमा प्रचण्ड एउटा सङ्घर्षको पर्यावाचीको रूपमा, विचारको एउटा परिवर्तनकारी विचारको रूपमा, एउटा योगान्तकारी क्रान्तिकारी एजेन्डाहरूको प्रतीकको रूपमा जुन प्रचण्ड खडा भयो । जसको जगमा गिरिजाप्रसाद कोइरालाको साझेदारी थियो । गिरिजाप्रसाद कोइराला र प्रचण्डजी मिलेर जुन संविधान

सभामार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको एउटा एजेन्डा लागु गर्ने मुलुकमा भन्ने जुन प्रस्थान विन्दुबाट १२ बुँदे सम्झदारीबाट सुरु भयो । नेपाली काँग्रेस सुरुदेखि नै एउटा जोडिएको अवस्थामा र नेपाली काँग्रेस के हुन्छ भन्ने कुराभन्दा पनि संविधान बन्छ कि बन्दैन भन्ने कोणबाट सुशील कोइरालाको भूमिका संविधान निर्माण गर्ने बेलामा र नेपाली काँगेस हार्छ? कि जित्छ? भन्ने कुरा होइन? नयाँ जुन संविधान बन्यो नयाँ त्यो संविधानअनुसार यो मुलुकमा Election हुन्छ कि हुँदैन? भन्ने बेलामा शेर बहादुर देउवा योभन्दा अगाडिको पहिलो चुनाव संविधान सभा संविधान बनिसकेपछिको पहिलो चुनावमा शेर बहादुरजीको नेतृत्वमा चुनाव सम्पन्न भयो । र १२ बुँदे सम्झदारीअन्तर्गत यो संविधान सभाको प्रक्रिया सुरु गरेको नेपाली काँग्रेस त्यसमा जोडिएको छ । संविधान बनाउने कुरामा नेपाली काँग्रेस जोडिएको र संविधान लागु गर्ने कुरामा नेपाली काँग्रेस जोडिएको हुनाले अहिले यो संविधानलाई बचाउनको निमित्त नेपाली काँग्रेसको ठुलो भूमिका रहेको सन्दर्भमा नेपाली काँग्रेसले यो अलिकति बुझ्न कठिन तर साह्रै दीर्घकालीन रूपमा दूरदर्शी रूपमा भोलि हुन सक्ने दुर्घटनाबाट नेपालको संविधानलाई बचाउनको लागि नेपाली राजनीतिलाई बचाउनको लागि नेपाली काँग्रेसले यो भूमिका खेलेको हामीलाई थाहा छ । कि अहिलेको सरकारमा संघीयता चाहँदै नचाहने शक्ति पनि अहिलेको सरकारमा छ । धर्म निरपेक्षता चाहँदै नचाहने शक्ति पनि यो सरकारमा छ । गणतन्त्र नचाहने शक्ति यो सरकारमा छ । र हरेक पद पदमा प्रचण्डलाई पुष्पकमल दाहाल बनाउने प्रयत्न भइरहेको छ । यो राजनीतिको गहिरो जुन आयाम अहिले चलिराखेको छ । त्यसलाई बडो गहिराइसाथ नेपाली काँगेसले विश्लेषण गरेर अहिलको यो पोजिसन बनाएको अवस्था छ । हामी चाहन्छौं कि संघीय लोकतान्त्रिक गणतन्त्रको जुन मन्दिररूपी यो संविधान जुन छ । यसलाई रक्षा गर्नुपर्दछ ।

त्यति मात्रै हैन थारूहरूमाथि रेशम चौधरी छुट्नुपर्छ । रेशम चौधरीलगायतका राजनीतिक बन्दीहरू थारू राजनीतिक बन्दीहरू छुट्नुपर्छ । यहाँ नेपाली जनताको चाहनाअनुसार लोकतान्त्रिक प्रक्रियाबाट, संवैधानिक प्रक्रियाबाट, शान्तिपूर्ण प्रक्रियाबाट संविधानमा परिमार्जन पनि हुँदै जानुपर्दछ । र यसै संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्नुपर्दछ र विकास गर्नुपर्दछ भन्ने दृढताका साथ नेपाली काँग्रेस त्यो राजनीतिक पोजिसनमा उभिएको छ । त्यति मात्रै हैन । यसरी राजनीतिक रूपमा संविधानले त्यो ढङ्गले अगाडि बढाउँदै जाँदाखेरि अहिलेको मुख्य सवाल भनेको अन्य पाटोमा हेर्ने हो भने सुशासन, विकास र भ्रष्टाचारलाई नियन्त्रण गर्ने पाटो । यो पाटोमा म शुभकामना दिन चाहन्छु नेपाली काँग्रेसको तर्फबाट अहिलेको सम्माननीय प्रधानमन्त्रीलाई उहाँको कमान्डमा यो सरकार छ । त्यसकारण अविचलित रूपमा उहाँले राजनीतिक भूमिका निर्वाह गर्दै यो सुशासनको सवालमा, विकासको सवालमा, भ्रष्टाचार नियन्त्रण

गर्ने सवालमा र आम नेपाली जनतालाई सेवा प्रवाह दिने सवालमा, सर्भिस डेलिभरी दिने सवालमा निरन्तर रूपमा यो सरकार लागिरहोस् । त्यही मेरिटको आधारमा हामीले समर्थन गर्ने छौं । यदि त्यसमा खुट्टा कमायो, त्यसबाट विमुख भयो । राजनीतिक जिम्मेवारीबाट विमुख भयो यो सरकार भने भोलिको दिनमा नेपाली काँग्रेसले Review को आफ्नो पोजिसनलाई Review गर्नुपर्ने हुन सक्छ । तर हामी चाहन्छौं कि लामो समय नेपाली काँग्रेस प्रचण्डजीसँग मिलेर काम गरेको सन्दर्भमा हामी चाहन्छौं प्रचण्डजी प्रचण्ड रहेर यो कामहरूलाई छिनोफानो गर्नुहुन्छ । यो एजेन्डाहरूलाई सम्बोधन गर्ने काम गर्नुहुन्छ ।

परराष्ट्र नीतिको सन्दर्भमा पनि शेर बहादुरजीको सरकार हुँदा र त्योभन्दा अगाडि नेपाली काँग्रेस जब जब यो सरकारमा थ्यो । नेपालका यहाँ हामी दुवै छिमेकी देशहरूसँग अत्यन्त सन्तुलित सम्बन्धलाई अगाडि बढाएका थियौं । र सबैलाई यो सर्वविदितै छ । कि नेपाली काँग्रेस एउटा दुवै हाम्रा निकट छिमेकीसँग अत्यन्त सन्तुलित सम्बन्ध राखेर नेपालको राष्ट्रियतालाई, नेपालको राष्ट्रिय अखण्डतालाई, नेपालको आन्तरिक राष्ट्रवादलाई, नेपालको विकास र समृद्धिलाई अगाडि राखेर सम्बन्ध स्थापित गर्ने Foreign Policy मा यो छिमेक नीतिमा नेपाली काँग्रेस अढेको एउटा राजनीतिक पार्टी हो । त्यसकारण अहिलेको सरकार बनेको अवस्थामा यो सरकारलाई खास गरेर कमरेड प्रचण्डले नेतृत्व गरेको सरकारलाई नेपाली काँग्रेसको एउटा तर्फबाट म भन्न चाहन्छु । कि दुवै छिमेकीहरू कसैले आशङ्का गर्नुपर्ने, कसैले Concern पाल्नुपर्ने र कोही चाहिँ एकदम हौसिनुपर्ने स्थिति चाहिँ निर्माण नहोस् । दुवैसँग अत्यन्त सुमधुर सम्बन्ध राखेर दुवैको सहयोग प्राप्त गरेर नेपालको विकास र समृद्धिको बाटोमा यो सरकार अगाडि बढोस् भन्ने हामी चाहन्छौं । र त्यतिमात्रै हैन म जोड दिएर भन्न चाहन्छु । अगाडि पनि मैले भनें स्वयम् मैले किन भने किन प्रचण्ड प्रचण्डको रूपमा रहनुपर्छ किन भनें हिजोका दिनहरूमा राजनीतिक इतिहासले एकचोटि फर्केर हेर्ने हो भने यो मुलुकमा धेरै ठुलठुला आन्दोलनहरू भए । ठुलठुला आन्दोलनका नेतृत्व पनि नेपाली काँग्रेसले गर्यो । कहिले माओवादीले गऱ्यो । यो देशमा मधेश आन्दोलन भयो । यो देशमा थारू आन्दोलनहरू भए । यो देशमा पहिचानका आन्दोलनहरू भए ।यो देशमा समानताका आन्दोलनहरू भए । हरेक आन्दोलनहरूमा मान्छेहरू मारिएका छन् । स्वःस्फूर्त आन्दोलनमा मान्छेहरू मारिएका छन् । तर हरेक बेलामा यहाँ न्याय भएको छ । राजनीतिक आन्दोलनलाई अपराधिक आन्दोलन भनिएन । त्यसकारण थारूहरूले गरेको आन्दोलन, कैलालीमा भएको आन्दोलन, थारूहरूले गरेको आन्दोलन राजनीतिक आन्दोलन थियो । अन्याय भएको छ रेशम चौधरीमाथि, अन्याय भएको थारूहरूमाथि त्यसलाई करेक्सन गर्नुपर्दछ भनेर म माग गर्न चाहन्छु ।

र म अन्त्यमा के भन्न चाहन्छु भने संघीयताको विरोध गर्नेहरूलाई म भन्न चाहन्छु । यो जबदेखि मुलुक संघीयतामा प्रवेश गऱ्यो कहीँ पनि मुलुकमा पृथकतावादी आन्दोलन भएन । देशलाई टुक्र्याउने आन्दोलन भएन । अझ चर्को आवाज उठाउने सिके राउत आज प्रतिनिधि सभामा हाजिर छ । त्यहाँ संघीयताले मुलुकलाई बलियो गरेको छ । संघीयताले आन्तरिक राष्ट्रवादलाई बलियो गरेको छ । राष्ट्रियतालाई बलियो गरेको छ । यसलाई कम खर्चिलो बनाउने कुरामा एउटा मोडेल ल्याऊँ । एउटा प्रस्ताव ल्याऊँ । सबै छलफल अगाडि बढाऊँ । संघीयता लोकतान्त्रिक गणतन्त्रलाई मजबुद गर्ने दिशामा जति हामी अगाडि बढ्छौं । नेपालको भविष्य त्यति कै सुनिश्चित हुन्छ । त्यसकारणले यो मूल थ्रस्डलाई अगाडि बढाउने किसिमबाट अगि यो सरकार बढोस् भन्ने त्यो हिसाबले म अहिलेको सरकारलाई शुभकामना दिन चाहन्छु । कामना गर्न चाहन्छु । योभन्दा बाँकी फेरि कतै प्रयत्न सुरु भएको छ । पुष्पकमल दाहाल बनाउने प्रयत्न सुरु भा' छ । त्यसबाट सहजक रहनुहोस् कमरेड प्रचण्ड । यो कुरा राख्दै म बिदा लिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय भैरव सुन्दर श्रेष्ठ । समय १० मिनेट । यसपछि माननीय जयन्ती देवी राई ।

**(१३:२६ बजे) <u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-** सम्माननीय अध्यक्षज्यू, भर्खरै निर्वाचन सम्पन्न भ'को छ । संघीय संसद प्रतिनिधि सभामा निर्वाचित भएर आउनुहुने सबै माननीयज्यूको सुखद कार्यकालको शुभकामना व्यक्त गर्दछु । त्यसरी नै नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको समर्थनमा वर्तमान सरकारको नेतृत्व गरिरहनुभएका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूले विश्वासको मतको निम्ति जुन प्रस्ताव राखुभ'को थियो त्यो प्रस्तावमा प्रतिनिधि सभाबाट भारी मतका साथ विश्वासको मत पाउनुभ'कोले म वाहाँलाई हार्दिक बधाई र सुखद कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, हाम्रो देशमा निर्वाचन सम्पन्न भयो । त्यतिखेर निर्वाचनको परिणाम हेर्दाखेरि पाँच दलीय गठबन्धनले जसरी बनेको जुन थियो त्यसले जनमत पर्याप्त मात्रमा पाउन सकिने अर्थात् बहुमत पाउन सकेन । त्यसै गरी प्रतिपक्ष पार्टीले पनि आफ्ना एजेन्डा

लिएर गएका थिए ती एजेन्डाअनुसार प्रतिपक्षको पार्टीको पक्षमा पनि बहुमत जुट्न सकेन । र एउटा विशेष परिस्थिति बन्यो अथवा हङ पार्लियामेन्ट बन्यो र यो गठबन्धनको सरकार कुनै पनि मूल्यमा हट्नुपर्थ्यो । जब नेपालमा गठबन्धन सरकार बन्यो त्यसले पारेका क्षतिहरू त्यसले पारेको देशभित्र अमूल्य क्षतिहरू छन् । ती पूरा गर्नुको निम्ति हामीलाई धेरै समय लाग्ने छ ।

हामी नेपाल सरकारले आफैले निकालेका सूचकाङ्क हेर्दाखेरिको वैदेशिक सञ्चिति रकम पनि नभएको अवस्था अथवा कम भएको अवस्था पहिलेभन्दा । व्यापार घाटा करिब २० खर्बभन्दा बढिबढेको पुँजीगत खर्च चालु पुँजीगत खर्च भ'को छ पुँजीगत खर्च करिब ११ पर्सेन्ट पनि नभएको यो अवस्था । राजस्व असुलीमा कमी आएको राष्ट्रिय गौरवका सबै आयोजनाहरू ठप्प भ'को र कृषि उत्पादनमाथि दोब्बर गरेर निर्यातलाई व्यवस्थापन गरिन्छ भन्ने कुरा राखिएको थियो त्यो पनि हुन नसकेको रेमिट्यान्सको घट्दो अवस्थामा भएको वैदेशिक रोजगारका कुराहरू सङ्ख्यामा सधैं वृद्धि हुँदै ग'को रोजगारमा जानेको सङ्ख्याको वृद्धि भएको र बैङ्कमा तरलता आएको यस्ता विविध कारणले र सेयर बजारमा पनि अवस्था घट्दो कारणले गर्दाखेरि यो अहिलेको यसअगिको गठबन्धन सरकार कुनै पनि मूल्यमा कुनै पनि मानेमाथि हट्नुपर्छ र अर्को सरकार बन्नुपर्छ भन्ने कुराहरू हामीले सोचिरहेका थियौं देखिरहेका थियौं । यहीं सन्दर्भमा जब प्रष्ट बहुमत नआइसकेपछि र यो सबै राजनीतिक नेपालमा राजनीतिक अस्थिरता बढाउने शक्तिहरू हाबी हुन खोजिरहेकै बेला प्रमुख दलहरूको बिचमा यो समाधान कसरी निकाल्ने होला भन्ने सन्दर्भमा नेकपा एमालेले आफ्नो पार्टीको निर्णय गरेर सबैभन्दा ठुलो पार्टी नेकपा एमाले, नेकपा एमालेसहित नेपाली काँग्रेससँग एउटा प्रस्ताव पठाएको थियो । त्यो प्रस्ताव थियो कि हामी यो समाधान कसरी गर्ने होला भनेर प्रस्ताव पठाउँदा काँग्रेसले त्यसप्रति बेवास्था गर्यो अर्थात् त्यसको मा ऊ तयार भएन त्यसपछि दोस्रो के थियो भन्दाखेरि नीतिगत रूपमा हामी वामपन्थीहरू बहुमत नआए पनि वामपन्थीहरूको नेतृत्व अरू साना पार्टीहरूलाई लिएर अहिलेको सरकारले बनाउनुपर्छ भन्ने कुराहरू दुइटा यी विकल्पहरू थिए । त्यो विकल्प चलिरहँदा अगि पूर्ववक्ता माननीयज्यूले धेरै कुरा गर्नुभयो म त्यसको जवाफ दिन चाहन्नँ । तर साँच्चै पुष्पकमल दाहाललाई हामी पुष्पकमल दाहाल नै भन्छौं । आन्दोलनका क्रममा प्रचण्ड हुनुभो' त्यो अगल कुरा हो । त्यो कुरालाई बिर्सेर फेरि पनि प्रचण्डलाई पुष्पकमल दाहाललाई प्रचण्ड बनाउनुपर्छ भन्ने खालको जुन खालको कुराहरू यहाँ आए अब यो माननीयज्यूले राखिसक्नुभयो । त्यसप्रति हाम्रो समर्थन रहने कुरा भएन । हामी वास्तवमा के हो भने एउटा आन्दोलन क्रममा कसैको नाम के राख्ने सकिन्छ । तर व्यक्ति आफ्नो पहिचान जे छ त्यही कुराबाट अगाडि बढ्ने हो । ऊलाई बढाउनेको निम्ति सिद्धान्त कार्यक्रम नीति तथा विचार परिस्कृत गर्ने कुरा हो ।

यसले गर्दाखेरि यति बुझेको नेपाली काँग्रेस हिजोको गठबन्धनलाई कायम राख्नुपर्थ्यो भनेपछि कैयौं दिनदेखि निर्वाचनको परिणाम आइसकेपछि सहमतिका कुराहरू कसले त्यहाँ तोडियो त्यो गठबन्धनबाट बाध्य भएर अर्को गठबन्धनमा आउन पुष्पकमल दाहालज्यूलाई केले प्रेरणा दियो केले प्रेरणा प्रेरणित बनायो यो स्वयम् म तपाईंहरू हामी सबै यो सोचेको विषय बुझेको विषय त्यो गर्न हुन्थ्यो या हुँदैनथ्यो भन्ने कुरो तत्कालीन गठबन्धन सरकारले बुझ्ने कुरा हो अथवा नेपाली काँग्रेसले नै सबैभन्दा पहिले बुझ्ने कुरा थियो । जब त्यो गठबन्धनबाट उम्किएर अब काँग्रेसले निकास दिन सक्दैन शेर बहादुर देउवाले धोका दिनुभो' भन्ने कुराहरू लागिसकेपछि उहाँ अर्को गठबन्धनको निम्ति तयार हुनुभो' र नेकपा एमाले त्यो कुरोलाई सहर्ष स्विकारेर नयाँ खालको अहिले गठबन्धन भएर नेपालमा सात दलीय सातओटा दलहरूको समर्थनमा सरकार बनेको छ । यद्यपि यो सरकारका आफ्ना आफ्ना मूल्यहरू आफ्ना आफ्ना मान्यताहरू थिए । घोषणापत्रहरू थिए । ती सबै घोषणापत्रहरूलाई सँगै राखेर संवाद गरेर छलफल गरेर एउटा निष्कर्ष निकालिएको छ र करिब २१ ओटा बुँदाहरूमा केन्द्रित गरेर यही सहमतिका आधारमा यसलाई आधार बनाएर सहमतिका आधारमा अगाडि बढ्नुपर्छ भन्ने कुरो ती अहिले सरकारले साझा न्यूनतम कार्यक्रमहरू जुन घोषणा गरेको छ त्यो सहमतिको आधार त्यही हो । र अस्ति यो २१ बुँदे सहमतिभित्र थुप्रै कुराहरू छन् । मसँग समय छैन । यी सबै हामीले बुझेको कुराहरू छन् । जुन चाहाना हामी विगतदेखि गर्दै आएका थियौं ती कुराहरू वर्तमान प्रधानमन्त्रीज्यूले गठबन्धन सरकारको माध्यमबाट पूरा गर्नुहुने छ भन्ने राख्न चाहन्छु ।

र सम्माननीय प्रधानमन्त्रीज्यूले प्रदेश सभाको बैठकमा बोलेका कुराहरू निकै मार्मिक छन् । पहिलो कार्यकाल सोचे जस्तो भएन । सिक्दासिक्दै मैले राजीनामा दिनुपर्यो । दोस्रो कार्यकाल उतार चढावमै मेरो बित्यो । तेस्रो कार्यकाल भने म सामाजिक न्याय दिन चाहन्छु । सुशासनलाई केन्द्रित हुने गरी म काम गर्न चाहन्छु । मुलुकलाई समृद्धिको बाटोमा अगाडि बढाउन चाहन्छु । त्यस्ता खालका गम्भीर ढङ्गले विगतका आत्म समीक्षासहित अब म के गर्छु भन्ने कुराहरू सुस्पष्ट ढङ्गले भन्नुभएको छ । त्यसैले त्यही काम गर्नुको निम्ति सहमति सहकार्य र आपसी विश्वासका साथ म अगाडि बढ्न चाहन्छु भनेर प्रतिबद्धता व्यक्त गर्नुभएको छ । म यी कुराहरूलाई म धन्यवाद दिन चाहन्छु । सरकारको सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

र सम्माननीयज्यू, मैले अलिकति केही कुराहरू राख्न म चाहन्छु । हामी लोकतन्त्रिक व्यवस्थामा छौं । लोकतन्त्रिक व्यवस्था नेपालमा जब संविधान जारी भ'को छ । त्यहाँ सत्तापक्ष प्रतिपक्ष भनेर किटान गरेको छ । प्रतिस्पर्धात्मक राजनीतिक प्रणालीमार्फत जनताको अभिमतले

एउटा सत्तापक्ष हुन्छ । अर्को प्रतिपक्ष हुन्छ । हामीलाई संशय के लागिरहेको छ भन्दाखेरि के लागिरहेको छ भन्दाखेरि यी सबै कुराहरू हामी सबैले बुझेकै छौं । र लोकतन्त्रको सुन्दर पक्ष भनेको प्रतिपक्ष हो । हामी भन्ने गर्छौं बहुमतको सरकार । सरकार चाहिँ बहुमतको हुने सदन चाहिँ प्रतिपक्षको हुने कुराहरू सर्वमान्य सिद्धान्त हुन् हामीले पनि त्यही अभ्यास गर्दै आएका छौं र प्रतिपक्ष भनेको waiting government गभर्मेन्ट अथवा छाया सरकार पनि हो । तर सत्तापक्षले गरेका गलत क्रियाकलापहरूलाई खबरदारी गर्ने सडकमा ती कुराहरू लैजाने सदनमा ती कुराहरू उठाउने यीबाहेकका सत्तापक्ष निरङ्कुश बन्न गयो भने त्यसलाई खबरदारी गर्ने काम प्रतिपक्षले गर्नुपर्छ तर आज प्रजातन्त्रको हिमायती बन्ने नेपाली काँग्रेस प्रजातन्त्रको हिमायती बन्ने लोकतन्त्रको हिमायती बन्ने नेपाली काँग्रेस किन यसरी ऊ आफू अहिलेको सरकारलाई यदि विशेष पतिस्थिति हुन्थ्यो भने आफ्नो समर्थन दिनुपर्ने विश्वासको मत मागिरहँदा दिनुपर्ने अवस्था पनि आउन सक्छ तर सत्तापक्षमा रहेका दलहरूको पर्याप्त भोट हुँदाहुँदै आफ्नो प्रतिपक्षको भूमिकालाई बिर्सिएर लोकतन्त्रको उपहास गर्न पुग्दछ भन्ने कुरो आज मैले मात्रै भनिरहेको छैन । आम बुद्धिजीवी राजनीतिककर्मीहरू त्यस्ता विश्लेषकहरू देशी विदेशी सबै ठाउँबाट आज काँग्रेस यस मानेमा चित भ'को छ । काँग्रेस यस मानेमा प्रतिपक्ष बेन्चबाट बसेर पनि आफ्नो भूमिका निर्वाह गर्न सकिन्छ । सरकारलाई खबरदारी गर्न सकिन्छ । ठिक ठाउँमा ल्याउन सकिन्छ तर केवल यो अहिलेको संविधानको रक्षाको निम्ति संविधान त्यस्तो के आपत आइलाग्यो । भर्खरै निर्वाचन सम्पन्न भ'को छ । तर त्यो निर्वाचनको अनुरूप भर्खरै सरकार बनेको छ । यो सरकारलाई राम्ररी काम गर्न नदिएर फेरि पनि कुण्ठित मनसायका साथ नेपाली काँग्रेस जाल फिजाएको हो कि ? भन्ने कुरा हामीले बुझिरहेका छौं । त्यस्तो त नहोस् साँच्चै हामी लोकतान्त्रिक प्रजातन्त्रको विश्वास गर्छौं । सङ्घीय लोकतन्त्र गणतन्त्रलाई संस्थागत विकास गर्दै अगाडि बढ्न चाहन्छौं भनेपछि त्यस्तो नहोस् भन्ने कुरो हामी भन्न चाहन्छौं । काँग्रेस यो कुरामाथि चुक्यो भन्ने कुरा म यो रोस्ट्रमबाट भन्न चाहन्छु ।

त्यसरी नै कुनै पनि देशको निर्वाचनमा जाने कुरा वास्तवमा आफैमा त्यो प्रतिगामी कदम होइन त्यो । त्यो अग्रगमन हो । विश्वको हरेक संसदीय मुलुकहरूमाथि त्यस्तो अग्रगमनको पाटोले लिएर गरिन्छ । त्यो अभ्यास हामी देखाइरहेका छौं । तर त्यसलाई प्रतिगमनको नाम लिएर जे परिभाषित गरियो । त्यसको खण्डण गर्ने काम आज जनताको जनमतले गरेको छ र नेकपा एमाले लोकप्रिय मतका साथ २८ लाख ४५ हजार ६ सय ८१ मत लिएर सर्वाधिक सबैभन्दा बढी भोट ल्याएर समानुपातिकमाथि आफ्नो पहिचान देखाउन सफल भ'को छ । यसले गर्दाखेर त्यो केपी ओलीले अगि सारेको हाम्रो पार्टीको श्रद्धेय अध्यक्ष पूर्वप्रधानमन्त्रीले अगि

सारेको त्यो निर्वाचनको (**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीयज्यू, समय सकियो ।) ..... कुराहरू राख्दै म आफ्नो भनाइहरू टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जयन्ती देवी राई । समय ६ मिनेट । यसपछि माननीय बामदेव गौतम ।

**(१३:३७ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, म सबभन्दा पहिला आज जुन यो तेह्रौं अधिवेशनको दोस्रो बैठकमा भरखरै विश्वासको मत प्राप्त गर्नुहुने यो मुलुकको प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" कमरेडलाई हार्दिक हार्दिक बधाई दिन चाहन्छु र उहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना दिन चाहन्छु । र यति बेला साँच्चै भने माननीयज्यूहरूले कुरा राखिसक्नुभएको छ । र हाम्रो पार्टी नेकपा एकीकृत समाजवादीले अहिलेको सरकारलाई हामीले समर्थन गरेका छौं । किन गरेका छौं भन्दाखेरि अहिले साँच्चै नै यो राजनीति वृत्तमा एउटा नयाँ परिस्थिति सिर्जना भएको छ ।

हुनत हामी धेरै शङ्का पनि नगरिहालौं तर के हो भन्दाखेरि अहिले राष्ट्रियतामाथि, अहिले संविधानमाथि, अहिले सङ्घीयता र अहिले धर्म निरपेक्ष यी सबै गणतन्त्र र लोकतन्त्रमाथि नै एक किसिमको प्रहार भएजस्तो हामीलाई लागेको छ । किन भने अहिले यो सरकारको उपस्थिति हेर्दाखेरि अझै यही नै गणतन्त्रको विरोधी, यही नै धर्म निरपेक्षको विरोधी, यही नै अब सङ्घीयताको विरोधी जहाँ यसरी मिलेर बनेको सरकार छ त्यो कारणले पनि आज हामी त्यसमा एकदमै चिन्तित छौं । त्यसकारणले यो सरकारलाई हामीले समर्थन गर्नुपर्छ भन्यौं । किन भने हजारौं जनताहरूको बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त गरेको आज पूर्ण रूपमा संविधानलाई हामीले कार्यान्वयन गर्न सकिनरहेको स्थिति छ । त्यसकारणले पनि आज सबै राजनीतिक पार्टीहरूप्रति आज नेपाली जनताहरूले विकल्प खोजिरहेको स्थिति छ । त्यसकारणले आज एउटा पार्टी मात्रै होइन यहाँको राष्ट्रिय पार्टीहरूले, सबैले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने जरुरी पनि छ । र आज जनताले अपेक्षा धेरै गरेको थियो । र हिजोको सरकारसँग पनि गर्या थियो र आजको सरकारसँग पनि गरेको छ । त्यसकारणले म एकदमै यो रोस्ट्रमबाट के अनुरोध गर्न चाहन्छु भने जुन हिजोको सरकार पनि गठबन्धनको थियो । हिजोको सरकार पाँचवटा पार्टीको गठबन्धन थियो भने आजको सरकार अझै त्योभन्दा धेरै पार्टीहरूको गठबन्धमा छ । त्यसकारणले पनि यो

एउटा लोकतन्त्रमा धेरैवटा पार्टीहरू एकता भएर गठबन्धन जानु भनेको त्यो आफै पनि सुन्दर पक्ष हो ।

म एकदमै विनम्रताका साथ अनुरोध गर्न चाहन्छु । हामीलेहरूले यो कस्तो कल्चर विकास गरेछौं कि यो ठाउँमा आएर पनि आफ्नो विचार, आफ्नो कुरा राखे हो कि कसै पार्टीमाथि, कसैको विचारमाथि हस्तक्षेप गरेर गाली गर्ने कुराहरू त्यो एकदमै गलत संस्कार हो । र कसैले पनि त्यो गर्न हुँदैन । त्यसकारणले हाम्रो पार्टीको आफ्नो स्वतन्त्रता हुन्छ । हाम्रो पार्टीको आफ्नो घोषणापत्र हुन्छ, विचार हुन्छ, नीति हुन्छ । त्यो आधारले हामी हिन्छौं । तर यो गरेन त्यो गरेन भन्ने कुरा त त्यो त अरूले भन्ने कुरा भएन नि । त्यसकारणले यसमा चैं करेक्सन गर्नुपर्छ कि भन्ने मेरो कुरा हो ।

र अर्को कुरा भनेको अहिले पनि धेरै समस्याहरू एकदमै जीवित छन् । अहिले राष्ट्रियतामाथि पनि त्यतिकै खतरा हामीले बढिरहेका हामीले आभाष गरेका छौं । जनजीविकाको सन्दर्भमा पनि आज नेपाली जनताहरूले साँच्चै हिजो देखेको सपना, अब गणतन्त्र स्थापना भएको पन्ध्रौं वर्ष भए तापनि उनीहरूले वास्तवमा आफ्नो जीवनमा परिवर्तन नभइरहेको स्थिति र आज संविधानको कार्यन्वयनको स्थिति हेर्दा पनि अत्यन्तै दयनीय र संविधानै के हुने हो भन्ने किसिमको अब कुरा, प्रश्न उठिहेको । त्यसकारणले यो सबै जनताहरूको बिचमा चैं एकदमै धेरै प्रश्न उठिरहेको छ । र हामीले अहिले गुणदोषको आधारमा हामीले यो सरकारलाई हामी हेर्छौं । कस्तो किसिमको राष्ट्रियतासम्बन्धी नीति हुन्छ? कस्तो किसिमको चैं नागरिक विधेयक अल्झिएको छ अहिले? त्यो नागरिक विधेयक कस्तो आउँछ? आज जनताको, किसानहरूको अझै बेरोजगारी समस्याहरू हल गर्ने सन्दर्भमा कसरी यो सरकार प्रस्तुत हुन्छ? यी सबै कुराहरूलाई हेरेर हामीले समर्थन गर्छौं । उहाँहरूले कार्यक्रम, नीतिलाई हेरेर हामी समर्थन गर्छौं ।

र हिजोजस्तै हिजो धेरै राम्रा कामहरू सुरुवात भएको थियो । र आजको सरकारले धेरै काम पनि गर्न पर्दैन वास्तवमा भन्ने हो भने । जुन हिजो सुरुवात गरेको थुप्रै थुप्रै कामहरूलाई आज सङ्घीयतालाई, यसलाई संस्थापन गर्ने, त्यसपछाडि लोकतन्त्रलाई एउटा संस्थापन गर्ने, यसलाई अब कार्यान्वयन गर्ने, संविधानलाई कार्यान्वयन गर्ने र यहाँका यावत् किसानहरूको समस्या हिजोदेखि न मल बिउ पा'को छ, न उनीहरूले अब उनीहरूको उत्पादनलाई हामीले सही ढङ्गले व्यवस्थापन गर्न सकेका छौं यस्ता कुराहरूलाई हामीले एकदमै धेरै किसानसम्बन्धीको नीति धेरै राम्रा आ' छ । तर पनि हामीले कार्यान्वयन गर्न सकेका छैनौं । र यहाँका भएका उद्योग धन्दाहरू अहिले पनि वास्तवमा धेरै उद्योग धन्दाहरू रोकिएको छ । त्यसलाई विकास

गर्ने ठाउँमा चैं अब उल्टो उद्योग धन्दाहरू रोकिएको छ । यी कुराहरूलाई खुलाउनुपर्यो र अझ अर्को नयाँ नयाँ अवसरहरू खोज्नुपर्यो ।

र महिला हिंसा निरन्तर बढिरहेको छ । हामीले सायद मलाई लाग्छ आएदेखिको हरेकपटक महिला हिंसाकै बारेमा हामी बोलिरहेका छौं अन्त्यको निम्ति । भरखरै नेपालगञ्जमा दुई जना महिलामाथि चैं अपहरण गरेर मारेका छन्, हत्या गरेको छ । त्यसको विरुद्धमा रुवि खानले नेतृत्व गरेर माइती घरमा रिले अनसन गरिरहेको थियो । तर अहिले भरखरै हामीले सुनेका छौं त्यो चैं अब अहिले सरकारले अलिकति व्यवस्थापन गरेरै होला त्यो रिले अनसनलाई फिर्ता लिएको छ । तर पनि कुनै पनि घटनाहरू वास्तवमा न्याय पाइरहेको स्थिति छैन । र अहिले पनि निर्मला पन्तजस्ता एउटा महिलाहरूले किशोरीहरूको हत्यारा पत्ता लाउन सकेको छैन । एकदमै न्युजमा चैं यस्ता भो, उस्ता भो भने पनि तर रियल रूपमा चैं अहिले पनि धेरै ठुला ठुला कुरा गरिएको छ अहिले । धेरै ठुला ठुला अहिले सामाजिक सञ्जालमा अहिलेको यो एकदमै यो कुराहरू आइरहेको छ । हामीलाई चाहिएको काम हो । र यो एउटा म अनुरोध पनि के गर्न चाहन्छु भने यो शुभकामना भनौं न । अब अहिले धेरैवटा पार्टीहरूको सरकार भ'को कारणले अहिले यो धेरै बिरालो मुसो नमारी भन्ने नेपाली उखान छ त्यस्तो चैं त्यसमा परिणत नहोस् । (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय समय सकिएको छ ।) धेरैवटा पार्टी भ'को हुनाले लोकतान्त्रिक ढङ्गले यहाँको मुलुकको सारा समस्याहरूलाई समाधान गर्ने पक्ष यो सरकार जाँदै छ भन्ने म विश्वास गर्दै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय बामदेव गौतम । समय ५ मिनेट । उहाँको स्वास्थ्य समस्याको कारण म उहाँलाई यथास्थानबाट बोल्न आग्रह गर्दछु । यसपछि माननीय मोहम्मद खालिद ।

**(१३:४४ बजे) <u>माननीय श्री बामदेव गौतम (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, मलाई अलि धेरै समय लिएर बोल्न मन थियो । यस्तै पर्छ यो मनोनीतहरूलाई पाँच मिनेटभन्दा बढी नियममै छैन । त्यै पनि यो पाँच मिनेटभित्र मैले एक दुईवटा विषय प्रस्तुत गर्न सकौंला ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशमा कहिले नभएको एउटा राजनीतिक भूकम्प, त्यसलाई भूकम्प मात्र होइन महाभूकम्प भन्न चाहन्छु मैले । राजनीतिक महाभूकम्प गएको छ । र हामी सम्हालिएका छौं । गएको स्थानीय तहको निर्वाचनमा पनि गठबन्धन गरेर निर्वाचनमा जाने यो प्रवृत्ति देखियो । त्यो ०७४ को निर्वाचनमा पनि त्यस्तै भा'को थियो । र

प्रतिनिधि सभाको निर्वाचनमा यो दोस्रो घटना हो । नेपालका राजनीतिक पार्टीहरू गठबन्धन गरेर निर्वाचनमा जाने । त्यसपछि गठबन्धनै गरेर सरकार पनि चलाउने । यो सबै गर्ने हो भने मेरो विचारमा एउटै पार्टी बनाए पनि फरक के पर्छ र? नेपाली जनतालाई रोज्नुको निम्ति कुन पार्टी ठिक छ, कुन पार्टीको विचार ठिक छ, कुन पार्टीले समस्या हल गर्न सक्छ भन्ने सम्बन्धमा उनीहरूलाई स्वतन्त्रतापूर्वक अधिकार दिनुपर्छ, छ । तर यसरी गठबन्धन गरेर जाने भएपछि त दुइटा ठुला पार्टी एउटा नेपाली काँग्रेस र एउटा नेकपा एमाले । यो निर्वाचन अरू धेरै धेरै विषयमा भा' छैन यो दुइटा पार्टीबिचमा भा' छ ।

र अब नेकपा एमालेका कामरेडले यहाँ आफ्नो विचार राख्दाखेरि काँग्रेसको घोर विरोध गर्नुभो', नेपाली काँग्रेसको । तर यो स्थिति ल्याउनमा जुन आजको स्थिति बिग्रर्या छ भनेर भनिन्छ त्यसको निम्ति मूल कृष्ण बनेर भूमिका खेल्ने कामरेड केपी ओली हुनुहुन्छ । नेकपा एमालेका अध्यक्ष । मलाई धेरै पत्रकारहरूले सोध्नुभा' थियो यसपटकको यो महाभूकम्प, राजनीतिक भूकम्प ल्याउनेमा तपाईंले कसलाई मुख्य पात्र मान्नुहुन्छ भनेर । मैले पात्र त प्रचण्ड नै हो । तर योजना बनाउन र त्यसलाई कार्यान्वयनमा केपी ओली हुनुहुन्छ । पात्र महाभारतमा अर्जुन र कृष्णहरू छन् । कृष्णलाई मुख्य मान्छन् तर धनु बाण चलाएर सबै सबै समाप्त गर्ने त अर्जुन नै हो । त्यस भएर कृष्णलाई पछाडिबाट सहयोग गर्ने व्यक्ति मानिन्छ । पात्रको रूपमा अर्जुनलाई मानिन्छ । यसपटक हाम्रो देशमा घटेको यो महाभूकम्पमा मुख्य योजनाकार र रचनाकार, मार्गदर्शक केपी ओली र पात्र, मुख्य पात्र प्रचण्ड हुनुभएको छ ।

र निर्वाचित भएर अत्यधिक निर्वाचन मत प्राप्त गरेर निर्वाचित हुनुभएको प्रचण्डलाई मैले हार्दिक हार्दिक बधाई दिन्छु । र शेरबहादुर र मेरोबिचमा जय नेपाल र लाल सलाम । कामरेड र मित्र भनेर चैं चल्छ । अर्को कामरेड शेरबहादुर मेरो निम्ति सबै काँग्रेसको निम्ति होइन उहाँलाई मैले धन्यवाद दिन्छु ।

आज मतदान सरकारलाई गरे पनि हामी प्रतिपक्षमा बस्ने छौं । गुण र दोषको आधारमा समर्थन र विरोध हामीले गर्ने छौं । हाम्रो भूमिकामा कसैले शङ्का नगर्नुस् । यो शुभकामना मन्तव्यमा दिंदाखेरि पनि नेपाली काँग्रेसका नेताले बोल्नुभा' छ, बाहिर पनि बोल्नुभा' छ । र मतदान गरेकोलाई नै प्रतिपक्षले अब सिध्यो भनेर भन्ने विषय त्यहाँ प्रस्तुत गरिएको छ । त्यो नेपालको संविधानमा कहीं पनि प्रतिपक्ष पनि छैन । त्यो त नियमावलीमा छ, सिद्धान्तमा छ तर संविधानमा कहीं पनि छैन । संविधानले एउटा अवस्थामा एउटै पार्टीको नेतृत्वमा सरकार बन्छ र अरू सबै प्रतिपक्षमा बस्ने स्पष्ट रूपले बताएको छ । यसपल्टको सरकार संविधानको धारा ७६ को (१) अनुसारको सरकार होइन । यो उपधारा (२) को सरकार हो । त्यहाँदेखि अर्को

तीनवटा विकल्पहरू छन् । ती सबै विकल्पमा, सबै विकल्पमा उठेर प्रधानमन्त्रीले, प्रधानमन्त्रीको उम्मेदवारले अनुरोध गर्ने हो । नेपाली काँग्रेसले बाहेक अरू सबैले मलाई भोट दिनुस् भनेर भनेजस्तो (**सम्माननीय अध्यक्ष**ः- माननीयज्यू समय सकिएको छ । छोटयाउन अनुरोध गर्छु ।) हजुर मैले सकें ।

**सम्माननीय अध्यक्ष**ः- माननीय मोहम्मद खालिद । समय ५ मिनेट । यसपछि माननीय खिमलाल देवकोटा ।

(१३:५१ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**ः- सम्माननीय अध्यक्षज्यू, सबै नवनिर्वाचित सांसदहरूलाई शुभकामना दिँदै, बधाई दिँदै र नयाँ सरकारलाई पनि शुभकामना, बधाई दिँदै म आफ्नो केही आग्रह राख्न चाहन्छु । हामी सबै राजनीतिक दलहरू जुनसुकै वाद र सिद्धान्त बोकेर यस गरिमामय सदनमा उपस्थित छौं । जनताहरूको अमूल्य भोट र विश्वास लिएर आएका हौं । हामी देशैभरिका भौगोलिक, लैङ्गिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भाषा, परम्परालगायतका सबै कुराहरूको प्रतिनिधित्व गरेर यहाँ आएका छौं । प्रत्येक सांस्कृति, भूगोल, जातजाति, सम्प्रदाहरूको आफ्नै किसिमको उच्च सम्मानसहितको प्रतिष्ठा बोकेर समाजलाई नैतिक परिवारमा जीवन्त बनाइरहन चाहेका हुन्छौं । यस्ता सबै विविधतालाई विविधिताहरूको आफ्नै किसिमको विशेषता हुन्छ । हामी एकअर्कामा जहिले पनि प्रतिस्पर्धी हौं तर शत्रु बनेर होइनौं ।

अध्यक्ष महोदय, म आज यो भन्न चाहन्छु कि हामीले कस्तो खालका राजनीतिक संस्कारहरू विकास गर्यौं । विकास गर्यौं त पछिल्ला केही दशकहरूमा हामीले राजनीतिक संस्कारबाट हामी हदसम्मै विचलित भएका बोध भइरहेको छ । आफ्नो पार्टीको सिद्धान्त र विचारभन्दा पनि अरूको खण्डन र पाखण्डी कुरा गरेर मात्र आफू स्थापित हुने कुराको भान भइरहेको छ । आफ्ना राम्रा कुराहरू गरेर आफू स्थापित हुनेभन्दा पनि अरूका शारीरिक, परिवारिक, भौगोलिक, धार्मिक, राजनीतिक मुद्दा, सांस्कृतिक, भाषिक विविधतालाई कमजोरी देखाएर खिसी टिउरी गरेर आफू बलियो हुने देखिरहेको छु । सामान्य अर्थमा भन्दा मेरो जति सबै राम्रो अरूको कुनै नराम्रो भन्ने संस्कृतिको विकास भइरहेको छ । त्यो पनि देशको शासन सत्ता धेरैपटक सम्हालिसकेको पार्टीका शीर्ष नेताहरूबाट ।

अध्यक्ष महोदय, यस्ता खालको सामाजिक विवेदपूर्ण विचार संसददेखि समाजसम्म पुर्याएको समाजबाट संसदसम्म ल्यायो भन्ने प्रश्न उठिरहेको छ । तिनै जनताबाट हामीहरूले

सम्माननीय र माननीयको सम्मान पाइरहँदा उनीहरूलाई सञ्चार माध्यम स्वतन्त्रता सार्वजनिक कार्यक्रममा बोलिने भाषाले कस्तो खालको राजनीतिक संस्कार सिकाइयो भन्ने गम्भीर प्रश्न उठिरहेको छ अध्यक्ष महोदय । हामीले चाहेको समाज भनेको राजनीतिक संस्कारबाट उत्कृष्ट समाज सामाजिक संस्कार विकास गर्न चाहेको हो । कुनै समय नेपाल र नेपालीको विश्वासनीय आतिथ्य संस्कार उत्कृष्ट मानिन्थ्यो । तर आज एक नेताले अर्को नेतालाई खपी नसक्नुको गालीगलौज गरेको हुन्छ । त्यसै गरी एक पार्टीको कार्यकर्ताले अर्को पार्टीको कार्यकर्तालाई तुच्छ गालीगलौज ..... गर्दछ । त्यो सामाजिक सञ्जालमा ट्रोलको रूपमा चलिरहेको छ ।

अध्यक्ष महोदय, म यहाँ कुनै पनि नेता तथा कार्यकर्ताको नाम त लिन चाहँदिनँ । तर चर्चित गाली र सत्तोसराफहरू स्मरण गराउन गइरहेको छु । देशको परिवर्तनका लागि लगेको नेकपा माओवादीलाई सत्र हजारको हत्यारा, जङ्गली मान्छे मार्ने, बिधुवा बनाउँदै हिड्ने । त्यस्तै माओवादीले काँग्रेसलाई त्यस्तै प्रकारका आरोप लगाउने । त्यसै गरी देशको सर्वोच्च पदमा रहेका व्यक्तिले कुनै पूर्वप्रधानमन्त्री भइसकेको व्यक्तिलाई शारीरिक कमजोरीलाई हाँसोको रूपमा उठाएको सर्वविदितै छ । नेताले झुक्याएर बोल्नुभो' । फ्लोरबाट ताली पनि आयो । राम्रो बोल्नुभयो होला भन्ने लाग्यो तर मैले केही बुझिनँ । एकले अर्कालाई ....., कुकुर, गधा भनेर गाली गरिने गरिन्छ । भेडाहरूसँग दुई चार वर्ष सङ्गत गर्यो भने हामी पनि भेडाजस्तो भएका छौं । त्यसै गरी कसैको लामो त्याग सङ्घर्षलाई जोगी भन्ने, निः सन्तानको सराप दिने । उहाँ मानसिक रोगी हुनुहुन्छ । राष्ट्रिय कोषबाट उपचार गर्नुभो' । त्यस्तै गालम गलौज गरेको संस्कार हामी यहाँ पाएका छौं । (अब म छुट्याउँदै छु । अध्यक्ष महोदय, एक मिनेटको समय पाऊँ ।) यस्ता परिस्थितले जनतामा नेताहरूको कस्तो खालको चित्रण आउँछ? एकअर्काको मान, मर्यादा र सम्मान गर्न बिर्सिने नेताहरू लगामविनाको घोडा भएको भान भइरहेको छ ।

अन्तमा म के आग्रह चाहन्छु भने हाम्रो शैली र व्यवहारलाई असल नेपालीको राजनीतिक संस्कारको विकास गरी राष्ट्रिय समृद्धि र विकासतिर अगाडि बढ्न र बढाउन जरुरी देखिन्छ । र अन्तमा जाँदा जाँदा उर्दु सायरको दुईवटा पङ्क्ति भनेर म अनुमति चाहन्छु । आपसका इन्तजार अच्छा नही लगता । होते हो सरमसार अच्छा नही लगता । केहेते हो कि भाइ भाइ हे फिर एकहि घरमे हे बिचमे दिवार अच्छा नही लगता । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय खिमलाल देवकोटा । समय ५ मिनेट । यसपछि माननीय शेखर कुमार सिंह ।

(१३:५६ बजे) **<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम नेपालको कार्यकारी प्रमुख प्रधानमन्त्रीको पदमा नियुक्त सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड", राष्ट्रिय सभाबाट उपप्रधानमन्त्री पदमा नियुक्त माननीय नारायणकाजी श्रेष्ठलगायत मन्त्रिपरिषद्का सबै सदस्य र सातओटै प्रदेशका र नवनियुक्त मुख्य मन्त्रीहरूलाई धेरै धेरै बधाई र सफलताको शुभकामना व्यक्त गर्दछु ।

माओवादी र मधेश आन्दोलनको उपजको रूपमा हेर्ने गरिएको संघीयता र गणतन्त्रलाई कमरेड प्रचण्डको नेतृत्वको सरकारले मलजल गर्ने र अभिभावकत्व ग्रहण गर्ने अपेक्षा लिएको छु । अध्यक्ष महोदय, चालु आर्थिक वर्षको बजेट वक्तव्यको बुँदा नम्बर ३४७ अनुसार खानेपानी, पर्यटन, सहरी विकास सडक र नदी नियन्त्रणका रु.५० लाखदेखि रु.५ करोडसम्मका आयोजनाहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएको थियो । रु.२२ अरब लागतका यी आयोजनाहरू प्रदेश र स्थानीय तहले बजेटमा समावेश गरी प्रदेश सभा र गाउँ नगर सभाबाट अनुमोदन गरेर कार्यान्वयनमा लगिसकेका थिए । तर सरकारले यो संसदबाट अनुमोदित ती आयोजनाहरू मन्त्रिपरिषदबाट निर्णय गराएर केन्द्रबाट नै गर्ने गरी फिर्ता लियो । सार्वभौम संसदले अनुमोदन गरेको विषयलाई क्याबिनेटको बैठकले उल्टाउन सक्दैन, मिल्दैन । सार्वभौम संसदको अपमान हुने गरी संविधान र संघीयताको बर्खिलाप भएको बजेटको यो निर्णय तुरुन्त सच्याउन र अर्थमन्त्रीसहित विभागीय मन्त्रीहरूले यस विषयमा संसदमा जानकारी गराउन अनुरोध गर्दछु ।

अध्यक्ष महोदय, काठमाडौं र सदरमुकाममा केन्द्रित केही अधिकारहरू पालिकासम्म पुगेको छ । यसलाई उपलब्धिको रूपमा मान्नुपर्छ र संविधान प्रदत्त केही अधिकारहरूको उपयोगमा, व्यवस्थापनमा राम्रोसँग काम गर्न नसक्दा स्थानीय तहमा स्थानीय नागरिकहरूले वडामा विशेष गरी दुःख पाएको अवस्था छ । साविकका कयौं गाविस मिलेर अहिले गाउँपालिका वा नगरपालिका बनेका छन् । कतिपय स्थानमा त दुई तीनओटा गाविस मिलेर एउटा वडा बनेको स्थिति पनि छ । जस्तोः पोखरा महानगरपालिकाको २३ नम्बर वडा साविकको चापाकोट गाविसका सबै वडा र भदौरे गाविसका सातओटा वडा मिलेर बनेको छ । यो वडाको भौगोलिक क्षेत्रफल भक्तपुर नगरपालिकाभन्दा सात गुणा ठुलो छ । तर सबै कामहरू वडा कार्यालयमा नहुने हुँदा नागरिकलाई २० किलोमिटर टाढाको पालिकाको कार्यालयमा जानुपर्ने बाध्यता छ । अझ साविकाका वडा कार्यालयको कुरा गर्ने हो भने दुइओटा गाविसका अठारओटा वडा कार्यालय हुने भयो । यसले नागरिकले लिनुपर्ने सेवाहरूको दुरी बढाएको छ । टाढा पुगेको

छ । नागरिकको खर्च बढेको छ । त्यस वडामा अहिलेसम्म एक किलोमिटर पनि पक्की सडक बनेको छैन ।

अध्यक्ष महोदय, मैले सामान्य उदाहरणको लागि पोखरा महानगरपालिकाको कुरा गरेको हुँ । तर पोखरासँग नेपालको सिङ्गो स्थानीय तहको उदाहरण दिंदा न्यायसँगत हुँदैन । साविकमा गाविसबाट पाउने सुविधाका लागि अहिले कयौं दिन हिंडेर पालिकाको केन्द्रमा पुग्नुपर्ने बाध्यता छ । साविकका गाविसले नेपाल सरकारबाट सिधै अनुदान प्राप्त गर्दथे । धेरै थोरै कर, राजस्व पनि सङ्कलन हुन्थ्यो । अनुदान र कर राजस्वबाट सानातिना कामहरू पनि पालिकाले गर्न सक्थे । अहिले त गाविसहरू र वडाहरू भएका छन् । तर अधिकाङ्श पालिकाहरूले वडा कार्यालयलाई स्रोतको विनियोजन न्यायोचित तरिकाले गरेका छैनन् । बरु नागरिकलाई नक्सा पास गर्न, कर तिर्न, योजनाको भुक्तानी गर्न, व्यावसाय दर्ता गर्न आदीलगायतको लागि पालिकाको केन्द्रमा धाउनुपर्ने बाध्यता अधिकाङ्श पालिकामा छ । वडालाई हामीले सेवा प्रवाहको केन्द्रको रूपमा विकास गर्ने त भन्यौं । तर वडामा तहमा कर्मचारीको त कुरै छोडिदिऊँ । पालिकाको केन्द्रमा समेत कर्मचारीको व्यवस्था छैन । सामान्य प्रशासन मन्त्रालयका अनुसार सुदुरपश्चिम प्रदेशका ६३ प्रतिशत, मधेश प्रदेशका ५५ प्रतिशत, कर्णाली प्रदेशका ४९ प्रतिशत पालिकाहरू प्रमुख प्रशासकीय अधिकृतको स्थानमा निमित्तको भरमा चलेका छन् । दार्चुलाको अपीहिमाल गाउँपालिकामा त वडा कार्यालयमा काम गर्न निमित्त दिन पनि कर्मचारी नभएको गुनासो मन्त्रालयसम्म आइपुगेको छ ।

अध्यक्ष महोदय, (मैले एक मिनेट समय थप पनि मागें) भैगोलिक रूपमा हिमालका पालिकाको वडाको औसत क्षेत्रफल करिब ५० वर्ग किलोमिटर छ भने तराईका पालिकाको ११ वर्ग किलोमिटर छ । कतिपय पालिकाका वडाहरू जिल्लाभन्दा पनि ठुला छन् । जस्तो हुम्लाको नाम्खा गाउँपालिकाको क्षेत्रफल २४२० वर्ग किलोमिटर छ । जुन काठमाडौं उपत्यकाका तीनओटा जिल्लाको कुल योगभन्दा पनि करिब ५ गुणाले बढी हो । एउटा पालिकाको क्षेत्रफल काठमाडौंका तीनटा जिल्लाभन्दा पनि ५ गुणाले बढी छ । यस पालिकाको वडाको औसत क्षेत्रफल वडाको औसत क्षेत्रफल भक्तपुर जिल्लाभन्दा पनि करिब ४ गुणा र ललितपुर जिल्लाभन्दा सवा गुणाले ठुलो छ । भूगोलमा ललितपुर जिल्लाभन्दा पनि ठुलो भक्तपुर जिल्लाभन्दा ४ गुणा ठुलो नाम्खाका वडाका बासिन्दाले कसरी सेवा पाएका छन्? अध्यक्ष महोदय ।

मुगुको मुगु कर्मारोग, ताप्लेजुङ्गको फक्तालुङ, गोर्खाको चुमनुब्री, सोलुखुम्बुको खुम्बु पासाङ्गल्हामू, बझाङको काँडा, मुस्ताङको दालोमे, हुम्लाको चङ्खेली गाउँपालिकाको वडाको औसत

भूगोल पनि झन्डै नाम्खाको जस्तै छ । ठुला ठुला भुगोल भएका पालिकाहरूको सेवा यति टाढाँ पुगेको छ कि सामान्य सिफारिसका लागि पनि नागरिकलाई दुई तीन दिनसम्म हिँड्नुपर्ने बाध्यता छ । अध्यक्ष महोदय, अब म अन्तिमतिर लागेँ भक्तपुर, ललितपुर, काठमाडौं, मध्यपुरठिमी, कीर्तिपुर र टोखा नगरपालिकाको वडाको औसत क्षेत्रफल २ वर्ग किलोमिटरभन्दा पनि कम छ । भक्तपुर नगरपालिकाको त शून्य दशमलब उनान्सत्तरी वर्ग किलोमिटरमा मात्र छ । यीलगायत भौगोलिक रूपमा साना पालिका र नाम्खा, चुमनुव्री, खुम्बु, काँडा, चङ्खेलीलगायतका ठुला पालिकाहरूले प्रदान गर्ने सेवाको निश्चित रूपमा फरक छ ।

भक्तपुर, काठमाडौंलगायतका पालिकाहरूमा कर्मचारीको समस्या छैन । बरु आवश्यकभन्दा धेरे कर्मचारी छन् । वित्तीय स्रोत र साधनको पनि समस्या छैन । पूर्वाधार विकासलगायतका क्षेत्रमा पनि खासै समस्या छैन । (**सम्माननीय अध्यक्ष**:- माननीयज्यू, समय सकियो ।) समस्या भनेको उचित व्यवस्थापनमा छ । तर मैले भन्न खोजेको नाम्खा, चङ्खेलीलगायतका जस्ता हिमालका, ठुला ठुला पहाडका पालिकामा एकदम ठुलो दु:ख पाएका छन् । त्यसलाई अलि ध्यान दिऊँ । हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय शेखर कुमार सिंह । समय ५ मिनेट । यसपछि माननीय भगवती न्यौपाने ।

**(१४:०३ बजे) माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, यो मुलुकमा यो विश्वासको मतको यो मैले सम्झँदा यो दोस्रो परिघटना हो । पहिला २०५१ सालमा स्वर्गीय मनमोहनजी सम्माननीय प्रधानमन्त्री हुँदाखेरि उहाँले सर्वसम्मतले पाउनुभा' थियो । दोस्रोपल्ट हाम्रो सम्माननीय प्रधानमन्त्रीजीले पाउनुभा' छ । जसमा कि हाम्रो पार्टीले पनि उहाँलाई प्रतिपक्षमा बस्दा पनि शुभकामनासहित मतदान गर्या छ ।

सम्माननीयज्यू, मैले सम्झिनुपर्दाखेरि केही कुराहरू छ । २०५४ सालपछाडि शिक्षा क्षेत्रमा हामी उल्लेखनीय सफलता त हासिल गर्यौं । सबै प्राविलाई उच्च माविसम्म त बनायौं । तर त्यहाँ पठनपाठन गराउने गुरुवर्गको अभावतिर हाम्रो अहिलेपनि ध्यान गा' छैन । मलाई लाग्दैन अहिलेसम्म त्यहाँ कुनै सुव्यवस्था भा' छ । दरबन्दी पनि कायम भा' छैन । के हालतमा चल्या होला ती विद्यालयहरू यसमा पनि सम्माननीज्यूको ध्यान जाओस् । र यसको उच्चतम व्यवस्था होस् ।

त्यस्तै हामी नेपालीसँग जोडिएको खास गरी मानव प्राणीसँग जोडिएको स्वास्थ्य क्षेत्र पनि त्यस्तै उथलपुथलमा पर्‍या छ । एक त त्यसै नै स्वास्थ्यकर्मीको अभाव, अभाव छँदाछँदै पनि हाम्रा स्वास्थ्यकर्मी साथीहरूलाई स्वास्थ्य क्षेत्र छोडाएर स्थानीय सरकार बन्दाखेरि उहाँहरूलाई कसैलाई वडा सचिव त कसैलाई निमित्त प्रमुखको जिम्मेवारी दिएर सरकारले काम चलाउन एकतिर त काम चलाउने उपाय गर्‍यो । अर्कोतिर ती नेपाली दिदी, भाइ, बहिनीहरूलाई अस्वस्थ पर्दाखेरि को जाने त जाँच्ने? को हेर्ने? को देख्दिने त्यसलाई? यो गम्भीर ध्यानाकर्षण भा' छ मेरो । यसमा पनि सम्माननीय प्रधानमन्त्रीजीले यसलाई प्राथमिकताकै रूपमा राखेर यसलाई पनि सम्बोधन गर्नुहुन्छ र क्याबिनेटको मन्त्री पनि सभामै उपस्थित भएको नाताले म उहाँमार्फत पनि ध्यानाकर्षण गराउन चाहन्छु । यो दुइटै क्षेत्रको चाहिँ यस्तै विल्लीबाठको अवस्था जो बन्या छ, त्यो नबनोस् । र यसमा हामी गम्भीरतापूर्वक हेरौँ । अझै पनि केही बिग्र्या छैन । यो सञ्चालनको लागि अरूलाई जिम्मा दिए पनि यो स्वास्थ्य क्षेत्रका स्वास्थ्यकर्मी साथीहरूलाई त आफ्ना क्षेत्रमा फर्कादिए हुन्थ्यो । हामी पनि एउटा WHO को प्रोगाममा जाँदाखेरि यीनै कुरो पाएको नाताले मैले यो ध्यानआकर्षण गराएको छु ।

सँगै सम्माननीय अध्यक्षज्यू, मैले बोल्दाबोल्दै सायद आधा मिनेट बढ्ताजाला । हामी सीमा क्षेत्रका बासी छौँ । सीमा क्षेत्रमा खुद्रा व्यापारीलाई पनि एलसीको भार बोकाइयो । जसको कारण सम्पूर्ण नेपाल यसको साझेदारीमा परिराख्या छौँ । एउटा पनि रेडिमेटको सामान दुई लाख रुपैँयाको पनि रेडिमेटको सामान मगाउँदाखेरि एलसी खोल्नुपर्छ । को व्यापारी जान्छ? यसको लागि पटक पटक हामी बोल्दै आ'को छु । अहिलेसम्म पनि अर्थ मन्त्रालयबाट भन्ने व्यवस्थापन भा'को छैन । यसलाई यथाशीघ्र व्यवस्था गरियोस् । यो पनि मेरो माग छ । यसरी सबैले एलसीमा दादिदाखेरि भन्सार महसुल पनि घटेर गा' छ सीमा क्षेत्रमा । त्यो पनि तथ्य, प्रमाण पनि सरकारकै सामुन्ने छ । यसमा पनि सम्माननीय प्रधानमन्त्रीजीले ध्यान दिएर हेर्नुहोला । यो मेरो विनम्र आग्रह छ । भन्दै अब बत्ती पनि बलिनै सक्या छ । धेरै समय त नलिऊँ । यति भन्दै हाम्रो पार्टीले, लोसपाले जहिले पनि सकारात्मक कामको लागि सधैं सप्पै सरकारसँग साथ दिँदै आएको छ । यो सरकारलाई पनि साथ दिन्छ भन्दै आफ्नो दुई शब्द यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भगवती न्यौपाने । समय ८ मिनेट । यसपछि माननीय उदय बहादुर बोहरा ।

(१४:०९ बजे) **<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम राष्ट्रिय सभाको यो तेह्रौं अधिवेशन सुरु भएको छ । यो अधिवेशनमा हामी सबैले नीति, निर्माण गर्ने सवालमा, कानुन बनाउने गर्ने सवालमा देश र जनताको निम्ति भूमिका खेल्ने सवालमा उत्कृष्ट भूमिका खेल्न सकौं म शुभकामना व्यक्त गर्न चाहन्छु । यो अधिवेशन सफलताको ।

र निर्वाचन सम्पन्न भइसकेको छ, आवधिक निर्वाचन सङ्घ र प्रदेशको निर्वाचन । सङ्घ र प्रदेशबाट निर्वाचित हुनुहुने सम्पूर्ण माननीयज्यूहरूलाई म हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । सरकार निर्माण भइसकेको छ । सम्माननीय प्रधानमन्त्री, मन्त्रीज्यू, मन्त्रीज्यूहरूलाई म हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । प्रदेशको सरकारसमेत बनिसकेको अवस्थामा । यद्यपि मन्त्रीपरिषद् विस्तार हुन बाँकी छ । म मुख्य मन्त्रीज्यूहरूलाई, मन्त्रीज्यूहरूलाई, नव नियुक्त मन्त्रीज्यूहरूलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

वास्तवमा निर्वाचन सम्पन्न भइसकेको छ । यो निर्वाचनमा केही त्यस्ता दाबीहरू सरकारको निर्वाचन सम्पन्न गर्नका निम्ति निष्पक्ष धाँदलीरहित निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भयो भन्ने दाबी त्यो वास्तवमा झुट प्रमाणित भएको छ । दु:खद इतिहासलाई स्मरण गर्न लाग्दैन । सम्झन मन लाग्दैन । तर पनि ती इतिहास किन सम्झिन पर्दोरहेछ भने त्यस्ता दु:खद र विकृतपूर्ण इतिहासहरू फेरि पनि भविष्यमा नदोहोरीउन् भन्नका लागि सम्झिनुपर्छ । हामीले एउटा हस्ती विद्यार्थी नेता बाजुरामा सशक्त एउटा विद्यार्थी नेता युवालाई निर्वाचनको क्रममा सरकारले हत्या गरेको छ । एउटा युवा गुमाएका छौं । चेतन एडी म उहाँलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

त्यस्तै स्याङ्जाको क्षेत्र नम्बर २ मा, दोलखामा लगायतका कतिपय ठाउँहरूमा निर्वाचन निष्पक्ष भएन बुथ कब्जा भए । हामीले देख्यौं, भिडिओ सार्वजनिक भयो । मान्छेहरू मतदाताहरू धेरै एकै ठाउँमा झुम्मिएर मत हालिरहेको दृश्यहरू हामीले देख्थ्यौं । एउटैले धेरै मत खसालेका भिडिओहरू सार्वजनिक भए । दिवङ्गत भएका मान्छेहरूको नाममा मतदान गरियो । विदेश भएका मान्छेहरूको नाममा मतदान गरियो तर त्यहाँ रिपोलिङ भएन । प्रमाणहरूसमेत पेस गर्दाखेरि पनि प्रमाणहरूसमेत सार्वजनिक हुँदाखेरि पनि रिपोलिङ हुन सकेन । त्यसैले यस्ता दु:खद पक्षहरू अब आउने दिनहरूमा नदोहोरीउन भन्नका निम्ति मैले यो कुरा भन्दै छु ।

त्यस्तै गरेर वास्तवमा निर्वाचनभन्दा अगाडि हामीले भनिरहेका थियौं । निर्वाचनमा जाँदाखेरि दलहरूले आफ्नो एजेण्डा लिएर जाने हो । आफ्नो घोषणापत्र लिएर जाने हो । गठबन्धन गरेर जाने होइन । पार्टी एउटै हो दलीय व्यवस्थामा गठबन्धन गरेर जाने कुरा बेठिक छ । विचारको हिसाबले वास्तवमा चुनावमा जाने सरकार बनाउँदा बहुमत आउँदाखेरि सहकार्य गरेर सरकार बनाइन्छ । दुई वा दुइभन्दा बढी दलको संलग्नतामा सरकार बन्छ । तर निर्वाचनमा जाँदै गर्दा गठबन्धन गरेर जाने कुरा बेठिक हुन्छ । त्यो कुरा प्रमाणित भयो । हामीले जे भन्दै आइराखेका थियौं । त्यो कुरा प्रमाणित भयो । जनताले हामी जनताको बिचमा हामी सबै गयौं । जाँदै गर्दा जनताले भने मैले आस्था राखेको पार्टीको उम्मेदवार खोइ? मैले मेरो विचारको उम्मेदवार खोइ? मेरो चुनाव चिह्न खोइ? जनताले यो प्रश्न जताततै गरे । जब आफूले आस्था राखेको उम्मेदवार देखेनन् । आफ्नो पार्टीको आफ्नो विचारको उम्मेदवार देखेनन् । त्यसपछाडि जनता फ्रस्टेट भएँ । मत कता सङ्केत गरे? हामी सबैलाई थाहा छ । मत कता हाले? कसरी व्यक्त गरे? कसरी प्रस्तुत भए जनता? हामी सबैलाई थाहा छ ।

त्यसैले गर्दा भन्दाखेरि लोकतन्त्रको सुदृढ, लोकतन्त्रको पक्षमा लोकतन्त्रलाई सुदृढीकरण गर्नका निम्ति आफू उभिएको, आफू खडा भएको संविधानको रक्षा गर्नका निम्ति खडा भएको भन्ने दाबी गर्ने तर दलीय व्यवस्थालाई उपहास गर्ने लोकतन्त्रलाई उपहास गर्ने गरी प्रस्तुत भइयो कि भइएन? जनाताको मतको परिणामले पनि त्यही भन्छ । जसरी पाँच दलीय गठबन्धनलाई जनताले बहुमत दिएर पठाएनन् । त्यसैले यस्तो विषयमा वास्तवमा हामी संवेदनशील हुन पर्ने थियो । फेरि हामीले अर्को दाबी पनि गरेका थियौं । गठबन्धन प्राकृतिक हुनुपर्छ । २०७४ सालमा वामपन्थीहरूको बिचमा कम्युनिष्ट पार्टीहरूको बिचमा गठबन्धन भएको थियो । झन्डै दुई तिहाइ मत जनताले त्यो गठबन्धनलाई दिइएको थियो । तर आज हामीले यो गठबन्धन अप्राकृतिक हो भनेर भन्दै गरेका थियौं । त्यो अप्राकृतिक रहेछ र नै पाँच दल मिल्दाखेरि पनि बहुमत दिन सकेनन् । त्यसैले गठबन्धन पनि प्राकृतिक हुनुपर्छ । भन्ने हाम्रो जे दाबी थियो । त्यो जनताले पुष्टि गरिदिए । त्यसैले म यो निर्वाचनको बारेमा धेरै समीक्षा गर्न गइरहेको छैन । तर पनि म भन्छु इतिहासका प्रश्नहरूमा त हामी धेरै अल्झिँदैनौं । अब भविष्यका प्रश्नहरूमा हामी घोत्लिने हो ।

अब भविष्य देशको उज्जवल भविष्य बनाउनका निम्ति हामी लाग्ने हो । त्यसैले आज अहिले सरकार बनेको छ । जुन सरकार बनिसकेपछाडि आज जनताले अब यो राजनीतिक अस्थिरताको अन्त्य होस् भन्ने कामना गरिरहेका छन् । अझ जसरी राजनीतिक अस्थिरता भयो । यो राजनीतिक अस्थिरताले गर्दा पारेका समस्याहरू अब अन्त्य होस् भनेर जनताले

चाहिरेहका छन् । यही कामना हामी गर्छौं । अब अस्थिर खेलहरू त्यस्ता दुषित खालका खेलहरू अब फेरि आगामी दिनमा नहोस् यो देश बनाउनु छ । यो देश निर्माण गर्नु छ । त्यसैले देश निर्माण गर्ने कुरा हामीले राजनीति किन गरेको? राजनीति हामीले देश बनाउनका निम्ति गरेको होला नि? हामीले राजनीति गरेको भनेको अस्थिर सत्तामा जानका निम्ति मात्रै, देशमा आस्थिता निम्त्याउनका लागि मात्रै गरेको होइन । अब एक घण्टापछि के हुन्छ? अब साँझ के हुन्छ? भोलि के हुन्छ? सधै त्यही खालको परिस्थिति निर्माण गर्नका निम्ति राजनीति गरेको होइन । सत्ताको फोहरी खेल मात्रै खेल्नका निम्ति राजनीति गरेको होइन । त्यसैले अब जरुरी छ । सुशासन दिनका निम्ति । अब जरुरी छ भ्रष्टाचार अन्त्यका निम्ति । अब जरुरी छ देश बनाउनका निम्ति । आज जसरी अर्थतन्त्र जरजर भएको छ । यो देशमा आर्थिक अवस्था आज जस्तो छ । व्यापार घाटा बढ्दो छ । आर्थिक वृद्धिदर घट्दो छ । जुन एउटा चाहिँ तरलताको अभाव भइरहेको छ । आज देशका निम्ति यो अर्थतन्त्रलाई सुदृढ गरेर अर्थतन्त्रलाई सवलीकरण गरेर सुशासन दिनका निम्ति यो सरकार सफल हुनुपर्छ । यो सरकार देशको समृद्ध देश बनाउनका निम्ति सफल हुनुपर्छ ।

अस्ति बोल्ने सन्दर्भमा माननीयज्यूले भन्नुभएको थियो । हिजो प्रमुख प्रतिपक्षमा रहने, हिजो प्रतिपक्ष दलमा रहनेहरू अब बोल्नुहुन्छ कि बोल्नुहुन्न? सत्ताको साझेदार दलहरू बोल्नुहुन्छ कि बोल्नुहुन्न? हामी बोल्छौं (**<u>सम्माननीय अध्यक्षः</u>**-माननीयज्यू छोट्याउनुस, समय सकिएको छ ।) २१ बुँदे सहमति गरेको छ सरकारले हामी हातमा लिन्छौं । अध्ययन गरेका छौं । हामी त्यो २१ बुँदे जुन एउटा न्यूनतम कार्यक्रम छ । साझा कार्यक्रम त्यो पूरा भयो कि भएन? प्रश्न गरिरहन्छौं । खबरदार गरिरहन्छौं । हामी बोलिरहन्छौं । र यो सरकार सफल होस् भन्ने कामना गरिरहन्छौं र हामी त्यही ढङ्गले साथ दिइरहन्छौं । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय उदय बहादुर बोहरा । समय छ मिनेट । यसपछि माननीय विमला घिमिरे ।

(१४:१८ बजे) **<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्षज्यू, हामी यो राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको सुरुआतमा छौं । र यो अधिवेशन राष्ट्रिय एकताको अधिवेशन होस्, राष्ट्रिय सहमतिको अधिवेशन होस् भन्ने शुभकामना प्रकट गर्न चाहन्छु । र हालै प्रतिनिधि सभाको निर्वाचन र प्रदेश सभाको निर्वाचन सम्पन्न भ'को छ । र त्यहाँबाट निर्वाचित भएर आउनुहुने सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई म

वहाँहरूको कार्यकाल सुखद् रहोस् सफल होस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । र यसै सन्दर्भमा अहिले सरकार पनि गठन भ'को छ । सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको नेतृत्वमा सङ्घीय सरकार गठन भ'को छ । र यो सरकार प्रधानमन्त्रीज्यूलगायत सम्पूर्ण वाहाँको सरकारमा रहने सम्पूर्ण मन्त्रीज्यूहरूलाई पनि म हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । र प्रदेशका मुख्य मन्त्रीज्यूहरूलगायत प्रदेश सरकारका मन्त्रीज्यूहरूलाई पनि म हार्दिक बाधई दिन चाहन्छु यद्यपि यो सरकारले पूर्णता प्राप्त गर्न अझै बाँकी छ ।

र म के निवेदन गर्न चाहन्छु भने यो सरकारले एउटा महत्त्वपूर्ण समर्थन प्राप्त गरेको छ । र ०५१ सालको अल्पमतको स्वर्गीय मनमोहन अधिकारीज्यूको नेतृत्वको जुन सरकार थियो । त्यसपछि यो सरकारलाई जुन आफ्नो समर्थन प्राप्त भ'को छ सदनको समर्थन प्राप्त भ'को छ । त्यो एउटा ऐतिहासिक छ । र हामी म के कामना गर्न चाहन्छु भने यो ऐतिहासिक समर्थन प्राप्त गरेको सरकारले ऐतिहासिक काम आफ्ना कामहरू ऐतिहासिक रूपमा सुरुआत गरोस्, सम्पन्न गरोस् भन्ने म शुभकामना दिन चाहन्छु र यो सरकारलाई एकीकृत समाजवादी, नेकपा एकीकृत समाजवादीले पनि समर्थन गरेको छ । र यो समर्थन गुण र दोषको आधारमा हो । त्यहाँ केही भनाइहरू आए खोलामा जाल फाल्ने, खोलामा ढर्रा थाप्ने त्यहाँ माछा पक्रने छोप्ने खाने । म के निवेदन गर्न चाहन्छु भने यो कुनै माछा खानको लागि समाजवादीको समर्थन होइन । खोला जसले दर्ता गरेको छ । माछा उसैले खाओस् जसलाई माछाको परिकारविना भात मिठो हुँदैन । त्यो माछा उसैले खाओस् मात्रै हाम्रो समर्थन कहाँनिर हो भने खोला सुकाउन पाइन्न । खोला कुनै पनि हालमा सुकाउन पाइँदैन । हाम्रो समर्थन त्यसमा हो ।

र अर्को कुरोः सम्माननीय अध्यक्ष महोदय, म के राख्न चाहन्छु भने यो सरकारले २१ बुँदे कार्यक्रम ल्याएको छ र यो कार्यक्रम सम्पन्न होस् । सफल होस् जनताको हितमा होस् । समाजवादी यही चाहन्छ । र म के चुनौती पनि दिन चाहन्छु भने २१ बुँदे कार्यक्रम २१ बुँदे जुन कार्यक्रम छ । यसमा ४० पर्सेन्ट मात्रै काम सम्पन्न । म फेरि पनि वहाँहरूलाई असाध्यै बधाई यहीं मञ्चबाट धेरैपटक बधाई दिन्छु । म चुनौती दिन चाहन्छु । हामीले हिजोका सरकारहरू पनि देखेका छौं । पाँच दलीय सरकारको केही टीकाटिप्पणीहरू पनि यहाँ आए । र त्योभन्दा पहिला दुई तहाईको सरकारले गरेका कामको फेहरिस्त पनि हामीसँग छ । र त्यसका सबै चिजहरू हामीसँग छन् आवश्यक परे त्यो चिज पनि हामी उठान गरौंला । त्यसो भ'को हुनाले म के निवेदन गर्न चाहन्छु भने हामीले लोकतन्त्रका कुराहरू पनि गर्छौं । लोकतन्त्र हिजो दुई तिहाईको सरकारले कतिको सुशासन दिन सक्छ ? सुशासन दिन नसकेर

२/२ पटक सदन विघटन गरेको यो त सत्य कुरा हो त । अदालतले, सर्वोच्च अदालतलेसम्म यसलाई गलत ठहऱ्यायो । यो सुशासन होइन । यो प्रतिगमन हो भन्ने कुरा पुष्टि हुँदाहुँदै पनि हामी जबरजस्ती यो वा त्यो व्यख्या गरेर फेरि पनि त्यो सुशासन नै हो । त्यो ठिक थियो । त्यो अग्रगमन नै हो । संविधानले दिएका अधिकारहरूलाई संविधानमा नभइरहेका चिजहरूलाई संविधानले गर्न हुन्न भन्ने कुराहरूलाई जबरजस्ती गर्नु त्यो लोकतन्त्रको पक्षमा हुन्छ? त्यो संविधानको पक्षमा हुन्छ? त्यो सुशासनको पक्षमा हुन्छ? त्यो कस्तो खालको सुशासन हो? त्यसो भ'को हुनाले मेरो समय पनि सकियो । सम्माननीय अध्यक्ष महोदय, यति भन्दै मेरा भनाइहरू यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय विमला घिमिरे । समय ७ मिनेट । यसपछि माननीय प्रकाश पन्थ ।

(१४:२५ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, आज हामी यस गरिमामय राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको दोस्रो बैठकमा उपस्थित छौं । म सर्वप्रथम यो अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । हामी संविधान जारी भएपछिको दोस्रो आम निर्वाचन, २०७९ सम्पन्न भई प्रतिनिधि सभा र प्रदेश सभामा माननीय सदस्यहरू निर्वाचित हुनुभ'को छ निर्वाचन हामीले गराउन खोजे जस्तो स्वच्छ र धाँदलीरहित त हुन सकेन थुप्रै ठाउँमा थुप्रै सरकारी साधन स्रोतहरूको दुरुपयोग मात्र होइन, मान्छेलाई घाइते गराउने र हत्या गर्ने समेतका अमानवीय कर्महरू हामीले निर्वाचनको सन्दर्भमा हामीले देख्यौं ती दुःखद घटनाहरू हुँदाहुँदै पनि आम नेपाली जनताले आफ्नो मताधिकार प्रयोग गरी निर्वाचन सम्पन्न गराउने कुरामा महत्त्वपूर्ण योगदान गर्नुभ'कोमा म आम नेपाली जनताहरूप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।

यस निर्वाचनबाट निर्वाचित हुनुहुने प्रदेश सभा र प्रतिनिधि सभाका सम्पूर्ण माननीय सदस्यहरूलाई म हार्दिक बधाई र सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । भर्खरै सम्माननीय प्रधानमन्त्रीज्यू, पुष्पकमल दाहाल "प्रचण्ड"को नेतृत्वमा बनेको मन्त्रीमण्डल, उपप्रधानमन्त्री, मन्त्रीलगायत सबै माननीयज्यूहरूमा र लगायत मुख्यमन्त्री सबै प्रदेशका मुख्यमन्त्रीज्यूहरू, मन्त्रीज्यूहरू सबैलाई जुन नियुक्ति मन्त्री हुनुभ'को छ । म सबैलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्न चाहन्छु । र सबै प्रदेशहरूमा र सबै सङ्घमा छिट्टै सरकारले

पूर्णता पाओस् । ताकि जनताका कामहरू शीघ्रातिशीघ्र गर्न सकियोस् म यो पनि ध्यानाकर्षण गराउन चाहन्छु ।

सरकार निर्माण भएसँगै राष्ट्रियताको संवर्द्धन सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, राजनीतिक स्थायित्व, सुशासन, विकास, समृद्धि र जन चाहाना एवम् । समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नका निम्ति २१ बुँदे नीतिगत प्राथमिकता र कार्यक्रमको खाकासमेत प्रस्तुत भैसकेको छ र हामी सबैले सुनिसकेका छौं । सरकारले आफ्नो प्राथमिकता र न्यूनमत कार्यक्रममा समेटिएका निकै महत्त्वपूर्ण विषयहरू नीतिगत संरचनागत सुधार लोकतन्त्र सुशासन र गुणस्तरीय सेवा, दिगो आर्थिक विकास गुणस्तरीय शिक्षा शैक्षिक सुधार कृषि क्षेत्र वैज्ञानिक, भूमि सुधार भूमि व्यवस्थालगायत सुकुमबासी समस्या समाधान, महिला सशक्तीकरण समावेशीतालगायतका विषयहरू महत्त्वपूर्ण विषयहरू छन् र यी कार्यक्रम र योजनाहरूलाई पूरा गर्नका निम्ति नेपाल सरकार सम्बन्धित कर्मचारीहरू र हामी सबै राजनीतिक दलहरूको सामूहिक प्रतिबद्धता र व्यक्तिगत इच्छा शक्ति भयो भने मात्रै यी योजनाहरू सफल हुन सक्छन् । म यो आग्रह गर्न चाहन्छु । हामी सबैले सोच्नुपर्ने विषयहरू भएका छन् ।

सम्माननीय अध्यक्षज्यू, प्रतिनिधि सभाबाट सम्माननीय प्रधानमन्त्रीज्यूले पौष २६ गते लिएको विश्वासको मतसँगै नेपालको राजनीतिक परिदृश्यमा अनौठो र नयाँ कोर्षको रूपमा देखा परेको छ भनेर निकै बहस मात्रै होइन थुप्रै खालका प्रश्नहरू पनि उठेका छन् । एउटा सरकारलाई समर्थन गर्नु, सरकार पक्षबाट समर्थनका निम्ति आग्रह हुनु यो एउटा देख्दा स्वाभाविक र सुन्दर पक्ष जस्तो लाग्छ तर यसभित्र लोकतन्त्र, दलीय व्यवस्था र एउटा सदन सत्तापक्ष प्रतिपक्ष दुवै भएको सदन हुन्छ । सरकारलाई जहिले पनि खबरदारी गर्नका निम्ति प्रमुख प्रतिपक्ष र प्रतिपक्षको भूमिका महत्त्वपूर्ण हुन्छ भनेर जुन हाम्रो अभ्यास छ । यो अभ्यास कतै दलहरूबाटै यो खालको व्यवस्थालाई नकार्न थालेको त होइन ? यो खालका प्रश्नहरू पनि उब्जेका छन् । के संसद अब प्रमुख प्रतिपक्षविहीन भएकै हो त ? के नेपाली काँग्रेसले देशलाई र राजनीतिलाई सधैं अस्थिर बनाउन चाहन्छ ? के साँच्चै सरकारलाई रचनात्मक सहयोग गर्नका निम्ति प्रतिपक्षमा बसेर सकिँदैन ? कि यसमा अन्तरनिहित सत्ता स्वार्थ पनि छ ? यी र यस्ता सवालहरू जनताको बिचमा सामाजिक सञ्जाल होस्, मिडिया होस् विभिन्न हिसाबले बहसमा आएका छन् । यसको उत्तर अब प्रतिपक्षमा बस्नु, प्रतिपक्षमा पनि बस्ने र सरकारलाई मत दिने दुइटै काम गर्छु भनेको नेपाली काँग्रेसलगायतका दलहरूले व्यवहारबाट पुष्टि गर्नुपर्ने छ । हामी अपेक्षा गरौं । हामीले वहाँहरूलाई शुभकामना दिन चाहन्छौं । यहाँहरूले रचनात्मक सहयोग गर्नुहुने छ । यो सरकारलाई सफल बनाउनका निम्ति जुन सरकार सफल हुँदा यो सरकार मात्रै

सफल हुँदैन । सिङ्गो नेपाली राष्ट्रिय राजनीति सिङ्गो नेपाली राष्ट्रियता जोगिने कुरा र आम जनताले जुन सङ्घीयताप्रति अहिले केही एउटा वितृष्णाहरू देखाएका छन् । त्यसलाई सुधार्नका निम्ति पनि यो ठुलो मौका र ठुलो अवसर हुने छ म यसका निम्ति शुभकामना दिन चाहन्छु । यी यस्ता जुन प्रश्नहरू उठेका छन् । यी प्रश्नहरू झुठा साबित होउन् र नेपाली काँग्रेसले साँच्चै गरी रचनात्मक सहयोग गरेर यो सरकारलाई सफल बनाउने छ ।

म आग्रह गर्न चाहन्छु र केही विषयहरूमा म सरकारलाई (म एक मिनेट समय चाहन्छु) म केही विषयमा तत्कालै गर्न पर्ने विषयमा सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु । अहिले जनताको ..... सम्बोधन गर्नपर्ने केही यस्ता समसामयिक विषयहरू छन् । हामीले गत वर्ष देख्यौं पाठ्यपुस्तक सामुदयिक स्कुलहरूमा नपुग्दा थुप्रै विद्यार्थीहरूको पढाइ अवरुद्ध भयो । यो वर्ष समयमै सबै विद्यालयमा सबै पाठ्यपुस्तकहरू समयमै पुग्न सकुन् । यो तत्काल नेपाल सरकारले यसमा ध्यान दिओस् । राष्ट्रिय गौरवका आयोजना र अन्य सडक र पुलका निर्माणका कार्यहरू पटक पटक ठेक्काको म्याद थप्दा पनि सम्पन्न हुन सकेका छैनन् । त्यसको कारण के हो? यो सदनमा जवाफ दिनका निम्ति म ध्यानाकर्षण गराउन चाहन्छु ।

सित लहरका कारणले थुप्रै तराईमा थुप्रै नेपालीहरूको जीवन अस्तव्यस्थ भएको छ । यसलाई समयमै ती जनताहरूलाई उचित व्यवस्थापनका निम्ति म आग्रह गर्न चाहन्छु । उखु किसानहरूको मूल्य निर्धारण नहुँदा र समयमै (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीयज्यू, समय सकिएको छ ।) थुप्रै खालका समस्याहरू विगतमा भए यी यस्ता तत्कालै र अझै तत्कालै कृषिकलाई चाहिने मलखादको विषय जुन बर्खा लाग्दाखेरि हामीले उठाउने गर्छौं यो आजैदेखि सरकारले सोचोस् र समयमै यसको ध्यान पुऱ्याएर किसानका समस्याहरूलाई पनि उचित समयमा उचित जुन व्यवस्थापन गर्न सकिने कुरा हुन्छ । त्यो कुरामा ध्यान जाओस् भन्दै म फेरि पनि यो सरकारले गर्न खोजेका कामहरूप्रति हामी सधैं प्रतिबद्ध..... । (समय सकिएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ । समय ५ मिनेट । यसपछि माननीय गंगा कुमारी वेलबासे ।

**(१४:३३ बजे) <u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, तेह्रौं अधिवेशनको आज यो दोस्रो बैठकमा यो रोस्ट्रम उभिँदै गर्दाखेरि हाम्रा सहिदहरूप्रति हाम्रा पूर्वज अग्रजहरू जो हामीमाझ हुनुहुन्न । वहाँहरू सबैप्रति हार्दिक सद्धा सुमन व्यक्त गर्न चाहन्छु । र हाम्रा अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । र यो वर्ष स्थानीय

तहदेखि सङ्घसम्म तीनै तहको निर्वाचन भयो सबै जना प्रतिनिधिहरूलाई बधाई र शुभकामना पनि भन्न चाहन्छु ।

थुप्रै साबुनका डल्लाहरूले कोट धुँदा धुँदा पनि मयल गएन । धुँदा धुँदा बागमतीको पानी पनि सकियो अरे । त्यो केही सीप नलाएसी त्यो फालेर हिँडेको कोट फेरि लगाएर आफैले भत्काएको जलाएको घरमा छिर्नुपर्दा मलाई चाहिँ लागिरा' छ । मुटुमाथि ढुङ्गा राखी बाँच्नुपर्या छ । यो को कोलाई लाग्या छ । त्यो यथार्थ कुरा हो । र परमादेशलाई जनताले अनुवोदन गरी जनआदेशका रूपमा करिब करिब जनआदेश अनुवोदन भ'कै मान्नुपर्छ । अघिल्लोपटक सांसदहरू अपहरण भए । यसपटक आउँदाआउँदै गठबन्धन पनि अपहरण भए । यी थुप्रै कुराहरूको बिचमा नेपाली काँग्रेस चैं मैदानमा छिरेको हो । कुनै सत्ताको लागि कुनै अरू थोक कुनै त्यहाँभित्र कुनै स्वार्थको लागि छिरेकै होइन । त्यहाँ माछै छैन पनि भन्नुहुन्छ । फेरि जालदेखि डराउनुहुन्छ । यो भयो चाहिँ के फेरि । फेरि यहाँ डराउनुपर्ने कुरै छैन भनै अनि किन डराउने थुर्थुर्ती काम्ने? त्यो अर्को कुरा भयो ।

नेपाली काँग्रेसको मैदान प्रवेश खेलाडीको रूपमा हुँदै होइन । एउटा रेफ्रीको रूपमा हो । हामी अस्ति भर्खरै वर्ल्डकप हेर्या हो नि त त्यहाँ त खेलाडीबाहेक रेफ्री पनि थिए । कोही सिठ्ठी फुक्या थिए । कोही झन्डा उचाल्या थिए । त्यो हुन्छ भन्ने कुरा हामीले बुझ्नुपर्यो । त्यहाँ अर्को शक्ति पनि हुन्छ खेलाडीबाहेकका अर्का शक्तिहरू पनि हुन्छन् मैदानमा त्यो शक्ति भनेको अहिले यतिखेर नेपाली काँग्रेस हो । त्यहाँ चाहिँ त्यो सप्तरङ्गी रङ्गी विरङ्गी त्यहाँ देखियो । सबै थरी कमेन्टहरू पनि आए । कसैका दम्भ र घमन्ड अहङ्कारहरू बढे । संसद छिर्दै गर्दाखेरि कसैका ती ठुल्ठुलाका अहङ्कार र दम्भ बढे । साना सानाको बार्गेनिङ पावर पनि बढ्यो । हामीले पहिलादेखि नै स्थिर सरकार खोजेको हो । स्थिर राजनीतिक खोजेको हो । यो संसद खुरु खुरु पाँच वर्ष चलोस् भनेको हो हामीले । सरकारले पनि खुरु खुरु पाँच वर्ष काम गरोस् भन्ने नै हो । त्यसमा नेपाली काँग्रेस कहिले पनि विचल्लित छैन । तर त्यहाँ दम्भ र अहङ्कार पनि बढिहाल्यो ।

साना पार्टीहरूको फेरि बर्गेनिङ पावर पनि बढेपछाडि हामी सिठ्ठी लिएर मैदान छिरेको खबरदार यहाँ जो नभए पनि संसद पाँच वर्ष चल्छ यहाँ भएका जो नभए पनि सरकार पाँच वर्ष टिक्छ है भनेर खबरदारीका लागि स्थिरताका लागि चाहिँ नेपाली काँग्रेस मैदान छिरेको कुरालाई अन्यथा बुझ्न पनि भएन र त्यो खेलाडीको रूपमा पनि होइन । माछै छैन भनिरनुभा' छ । त्यही भएर त्यो चाल देखेर नडराउनुहोला । खेल्दै जाँदा थुप्रै म्याच फिक्सिङका कुरा हुन्छन् ।

धाँधलीका कुराहरू हुन्छन् । त्यहाँ खेल खत्तम हुन चाहिँ सक्छ । हामी खेल खत्तम गर्न चाहान्नौं । जसले त्यहाँ गडबड गर्छ उसलाई हामी यल्लो कार्ड देखाउने हो । उसलाई हामीले बारम्बार यल्लो कार्ड देखाउछौं भएन भने रेड कार्ड दिएर आउट गर्छौं । त्यही पनि सरकारको बचिरहन्छ । त्यही पनि संसद बचिरहन्छ ।

नेपाली काँग्रेसले प्रतिपक्षको बेन्चबाट सशक्त रूपमा काम गर्ने भनिरहेकै छ । र अनि अब हामी संविधान लोकतन्त्र र गणतन्त्रका लागि हामी रक्षाक हो । हामी त्यसका विरुद्ध खेल्ने त्यसका विरुद्ध कारबाही गर्ने कुराहरू हाम्रो स्पष्टै छ । हामी अहिले पछिल्लोपटक चाहिँ संविधान निर्माणपछाडिको दोस्रो आम निर्वाचनपश्चात् चाहिँ मुलुक अहिले दोस्रो आम निर्वाचनपछाडि संविधान कार्यान्वयनकै चरणमा छ । अघिल्लो अघिल्लोपटक चैं ०७४ सालको निर्वाचनमा सबै पोलिटिकल पार्टीहरूले समृद्धि भनेका थिए । संविधानमा आइपुग्दा सबै हाम्रा आन्दोलन एजेन्डा अख्तियारका विषयहरू टुङ्गिएका थिए । संविधानमा आइपुग्दा सबै हाम्रा आन्दोलन एजेन्डा विषयहरू टुङ्गिसक्या थिए भने त्यति बेला समृद्धि भएर त्यही समृद्धिको पाइलामा सबै प्रजातन्त्रले पाइला टेकेको हो । समृद्धिका लागि अगाडि बढ्ने भनेर भनेको हो । तर त्यसको आधारभूति समय अलमलमै बित्यो । त्यति बेलाको दुई तिहाईको अलमलमै बित्यो तर त्यसपछाडिका आधा अवधि समय फेरि संविधान बचाउने के के गर्ने आम निर्वाचन भन्ने कुराहरूमा बितिसकेपछाडि अब ती समयहरू जसरी भए पनि खेरै गए ।

(१४:३८ बजे) <u>पुनः पीठासीन</u>:- सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- त्यही पाँच वर्षमा हामीले समृद्धि दिन सकेनौं । तर यसपटक फेरि मेरो सकिन ला' छ । (मेरो सकिन ला'को छ लामो छैन ।) यसपटक फेरि हामी सुशासन सबैले सुशासनमा । यसपटक सबै उम्मेदवारले सबै पोलिटिकल पार्टीहरूले सुशासन भन्या छ । सुशासन कायम गर्छौं भन्या छन् । सुशासनको एजेन्डामा उभिया छन् । त्यही भएर हाम्रो गन्तव्य सुशासन हो । भ्रष्टाचारविरुद्धको अभियान हो । त्यो अभियानमा चाहिँ यो अहिलेको विषय त्यति महत्त्वपूर्ण छ र हामी सबै एकै ठाउँ उभिएको छ । त्यही भएर अहिले नेपालको राजनीतिक सहमति जस्तो देखिए पनि यो सहमतिको होइन । यस्तो प्रकृतिको पनि छैन भन्ने कुरा स्पष्टै होस् । र आगामी दिनहरूमा धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गंगा कुमारी वेलबासे । समय ८ मिनेट ।

(१४:३९ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामी तेह्रौं अधिवेशनमा छौं । सबै माननीयज्यूहरूलाई स्वागत गर्दै यहाँसम्म देश र जनतालाई ल्याइपुर्याउने महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र अहिले प्रतिनिधि सभा र प्रदेश सभाका माननीयज्यूहरू निर्वाचित भएर आउनुभएको छ । उहाँहरूको सुखद कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । सम्माननीय प्रधानमन्त्रीज्यूलगायत नवनिर्वाचित सरकारलाई हार्दिक बधाई दिन चाहन्छु । र सातै प्रदेशका मुख्य मन्त्रीहरू छनोट हुनुभएको छ । उहाँहरूलाई हार्दिक बधाई दिन चाहन्छु ।

आज देशमा पार्टीहरू मिलेर जाँदाखेरि समास्याहरूलाई सहज ढङ्गले हल गर्ने, समाधान गर्ने र जति जति बेला पार्टीहरू फुट्छन्, विभाजन हुन्छन् त्यति त्यति बेला समस्याहरू जटिल बन्ने नेपालको यो समस्यालाई दलहरूले बारम्बार एक भएर समस्या हल गरिराखेका छन् । र अहिले दुई सय सत्तरी जनाको प्रधानमन्त्रीले विश्वासको मत लिने बेला दुई सय सत्तरी जनाले मतदान गर्दा दुई जनाबाहेक सबैले प्रधानमन्त्रीलाई विश्वासको मत दिनुभएको छ । र उहाँ एउटा सहमतिको सरकारको प्रधानमन्त्री बन्नुभएको छ । र यसरी आज जुन अभूतपूर्व एकता कायम भएको छ म यो पौष २६ गतेलाई एकता दिवसको रूपमा मनाउनुपर्छ भन्ने हाम्रो सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारसँग माग गर्दछु ।

र यसै गरेर सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो विश्वासको मत माग्ने क्रममा स्टेट्मेन्टमा धेरै गम्भीर विषयहरू राख्नुभएको छ । र गम्भीरतापूर्वक देशलाई एउटा निकास दिने र केही समयमा देशको एउटा पिक्चर नै परिवर्तन गर्न म प्रतिबद्ध छु भनेर उहाँले यहाँ आफ्नो प्रतिबद्धता जाहेर गर्नुभएको छ । त्यो असाध्यै गम्भीर, असाध्यै रचानात्मक र आत्म आलोचित ढङ्गले जुन वक्तव्य राख्नुभएको छ यसले सायद सबै दलहरूलाई एक ठाउँमा ल्याएको हो । सबै पार्टीहरूलाई एकताबद्ध गरेको हो भन्ने कुरा म यहाँ राख्न चाहन्छु । र उहाँले भन्नुभएको छ हामी राजनीतिककर्मी कहीं न कहीं चुकेका छौं । जनताको हामीसँग कहीं न कहीं असन्तुष्टि छ । आज एक जटिल आर्थिक सङ्कट पनि छ । र साठी अर्ब विकास खर्च जुटाउन पर्ने अवस्थामा हामी छौं । र सार्वजनिक संस्थानहरू असाध्यै विघटनको अवस्थामा छन् । तिनीहरूलाई सुधार्नुपर्ने छ भनेर उहाँले बोल्नुभएको छ । र यस्तो अवस्थामा उहाँले मागेको मतमा जुन ढङ्गले एकता प्रदर्शन भयो त्यही स्थितिलाई हेरेर नेपाल सरकारले त्यस दिनलाई राष्ट्रिय एकता दिवसको रूपमा घोषणा गरोस् भन्ने म पुनः मेरो माग दोहोर्याउन चाहन्छु ।

अहिले नयाँ सरकार बनिसकेपछि सबै क्षेत्रमा केही सुधारका कामहरू देखिएका छन् । केही काममा रचनात्मक सुधारहरू भएको छ । र यसरी हेर्दाखेरि देशमा रोजगारै सिर्जना हुने क्षेत्रमा लागनी बढाउने छु र देशको चित्र फेर्ने छु भन्ने कुरा उहाँले राख्नुभएको छ । वर्तमान सरकारलाई राम्रा काम गर्ने मात्र छुट छ । किनभने यो सबै दलको सरकार हो । त्यसैले यहाँबाट फरक काम गर्ने, गलत काम गर्ने छुट छैन । किनभने यहाँ बलियो प्रतिपक्ष छैन । प्रतिपक्षको रचनात्मक आलोचना छैन । त्यसैले यो सरकारलाई राम्रा मात्रै काम गर्ने छुट छ । म यहाँबाट भन्न चाहन्छु यो सरकारले राम्रा मात्रै काम गर्ने छ ।

यो नेपालको इतिहासमा अब फेरि हुन सक्ने छैन यस्तो एकता । र यसरी हेर्दाखेरि एउटा हाम्रो राष्ट्रिय गान छः हट्ने हैन डटी लड्ने नेपालीको बानी हुन्छ । हाम्रा तमाम समस्याहरू अहिले हल गर्नुपर्छ । हामी स्वाधीन ढङ्गले आफ्नो शासन व्यवस्था चलाउन नसकेका नेपालीहरू अहिले हामीले यसलाई एउटा पोजिटिभ थिङ्किङको रूपमा लिनुपर्छ । सबै कुराहरूलाई पोजिटिभ ढङ्गले सोच्नुपर्छ । कसैले यहाँ खेल्न र विभिन्न खालको चैं आफ्ना गलत इच्छा आकाङ्क्षाहरू राखेका छन् भने त्यसलाई चकनाचुर पार्नका लागि हामी सफल हुनुपर्छ । र हामीले हाम्रो राष्ट्रिय एकता कायम गर्दै सार्वभौवसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सधैं उँचो राख्न हामी तयार हुनुपर्छ ।

हामीले लिपुलेख कालापानीका कुराहरू उठायौं । त्यहाँ हाम्रो सरकारको उपस्थिति अहिलेदेखि नै हामीले चाहेका छौं । त्यहाँ सरकारको उपस्थिति हुँदै त्यहाँका जनतालाई हामी नेपाली हौं भन्ने एउटा गौरवको महसुस हुने दिन हामीले छिटै ल्याउनुपर्छ । र शान्ति प्रक्रियाका बाँकी कामहरूलाई टुङ्ग्याउँदै यो सरकार गरिब जनताको पक्षमा, निमुखाहरूको पक्षमा, दलितलाई जग्गा उपलब्ध गराउने पक्षमा अग्रसर हुने छ र गरिब किसानको मुक्तिको लागि अगाडि बढ्ने छ भन्ने कुराहरू राख्दै म पुनः यो सरकालाई सफलताको कामना गर्दै यहाँबाट बिदा हुन चाहन्छु । हवस्, धन्यवाद ।

(१४:४६ बजे) **<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, सङ्घीयता कार्यान्वयन, अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक माननीय खिमलाल देवकोटालाई समितिको म्याद थपको प्रस्तावसहित सङ्घीयता कार्यान्वयन, अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका प्रतिवेदन र सातै प्रदेशमा भएका

प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमका प्रदेशगत प्रतिवेदनहरू सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१४:४७ बजे) **<u>सङ्घीयता कार्यान्वयन, अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक माननीय श्री खिमलाल देवकोटा</u>ः-** सम्माननीय अध्यक्ष महोदय, संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्न सक्ने र तीनै तहको एकल र साझा अधिकारका सूची संविधानमा छ । एकात्मक व्यवस्थाको सिङ्गो राज्यको शक्तिलाई तीन तहका सरकारमा विभक्त गरिनुलाई राज्यव्यवस्थामा आएको ठुलो परिवर्तनका रूपमा लिनुपर्दछ ।

संविधान जारी भएको करिब एक दशक भयो । संविधानको सबभन्दा ठुलो उपलब्धि संघीय लोकतान्त्रिक गणतन्त्र, वहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणाली, आवधिक निर्वाचन, स्वतन्त्र न्यायालय, मानव अधिकार, मौलिक हक, पूर्ण प्रेस स्वतन्त्रता, आदिलाई संवैधानिक अधिकारको रूपमा सुनिश्चितता प्रदान गर्नु हो ।

संघीय संरचनाअनुसार आवधिक निर्वाचन भएको छोटो अवधिमा संघीय एकाइहरू चलायमान भएका छन् । यी इकाइहरूले आफ्नो अधिकारक्षेत्रभित्रको विषयमा कानुन बनाउन, नीति तथा योजना तयार गर्न, वार्षिक बजेट बनाउन र त्यसको कार्यान्वयन गर्न सक्छन् । यसै गरी आफ्नो आर्थिक अधिकारक्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजश्व उठाउन पनि सक्छन् ।

संघीय इकाइबिचको सम्बन्ध पनि सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा हुने व्यवस्था संविधानमा छ । जसअनुसार एक तहले अर्को तहको अस्तित्वलाई स्वीकार गर्ने र कानून, नीति निर्माणलगायतका विषयहरूमा समन्वय र सहकार्य गर्नुपर्दछ ।

२०७२ मा संविधान जारी भए तापनि यसको विधिवत कार्यान्वयन २०७४ मा भएको तीनै तहको निर्वाचनपश्चात् मात्र भएको हो । राज्यशक्तिको अधिकारसहितको तीन तहको सरकारको व्यवस्थाबाट नेपालले संघीयता कार्यान्वयनमा विल्कुल नयाँ प्रयोगको थालनी गरेको छ । नयाँ शासन व्यवस्थामा केही समस्या र द्विविधा हुनु स्वभाविक नै हो । यी समस्याहरूको समाधानलगायतमा सरकारको यथेष्ट ध्यानार्कषणका लागि राष्ट्रिय सभामा २०७९ जेष्ठ १९ मा संघीयता कार्यान्वयनको विषयमा सङ्कल्प प्रस्ताव पेस भएको थियो ।

सङ्कल्प प्रस्तावको आधारमा राजनीतिक, प्रशासनिक, वित्तीय, संस्थागत संरचनालगायतको पक्षको अध्ययन गरी सभामा प्रतिवेदन पेस गर्न २०७९ जेष्ठ २० मा मेरो संयोजकत्वमा माननीय उदय बहादुर बोहोरा, माननीय प्रकाश पन्थ, माननीय प्रमिला कुमारी, माननीय माया प्रसाद शर्मा, माननीय रामचन्द्र राई र माननीय डा. विमला राई पौडयालसहितको सात सदस्यीय संघीयता कार्यान्वयन, अध्ययन तथा अनुगमन संसदीय विशेष समिति गठन भएको थियो ।

कार्यप्रारम्भ गरेको मितिले चार महिनाको समयावधी तोकिएको यस समितिले २०७९ जेष्ठ २७ गतेबाट विधिवत कार्यको थालनी गरेको थियो । समितिको पहिलो बैठकको छलफल राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको उपस्थितिमा संसदीय दलका नेताहरू, माननीय सदस्यहरू, संघीय संसदका महासचिवलगायतको उपस्थितिमा समितिको कार्ययोजना र कार्यविधिका विषयमा छलफल भएको थियो ।

सम्माननीय अध्यक्ष महोदय, बजेट अधिवेशनको सङ्घारको अत्यन्तै व्यस्तताकाबिच पनि समितिले सातओटै प्रदेशमा छलफल तथा अन्तक्रिया कार्यक्रम आयोजना गरेको थियो । अन्तरक्रिया कार्यक्रममा प्रदेश सरकारका मुख्यमन्त्री, प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभाका सदस्यहरू, स्थानीय तहका प्रमुख तथा उपप्रमुख, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, निजी क्षेत्र, सहकारी, गैरसरकारी क्षेत्र, संचारकर्मीलगायतका व्यक्ति तथा पदाधिकारीहरूको उपस्थिति रहेको थियो । यसै गरी तीनवटा स्थानीय तहमा पनि छलफल र अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

समितिले विभिन्न राजनीतिक दलका शीर्षस्थ नेताहरू, संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेताहरू, प्रतिनिधि सभा र राष्ट्रिय सभाका संसदीय समितिका सभापतिहरू, संघीय संसद/संविधानसभाका सदस्य तथा पूर्व सांसदहरू, पूर्व मुख्यमन्त्रीहरू, स्थानीय संघ/महासंघका पदाधिकारीहरू, प्रदेशका वहालवाला र पूर्व प्रमुख सचिवहरू र विषय विज्ञलगायत विभिन्न सरोकारवालाहरूसँग छलफल गरेको थियो ।

यसै गरी नेपाल सरकारका मन्त्री तथा सचिवहरू, संवैधानिक आयोगका पदधिकारीहरू, संघीय संसदका महासचिव, संसदीय समितिका सचिवहरू, राष्ट्रिय योजना आयोगका पदाधिकारीहरू, काठमाडौं उपत्यकाका स्थानीय तहका वहालवाला तथा पूर्व प्रमुख र उपप्रमुखहरू, नेपाल कानून आयोगका पदाधिकारीहरू, सर्वोच्च अदालतका रजिस्ट्रारलगायत सँग पनि छलफल गरी राय सुझाव लिएको थियो ।

समितिले सम्माननीय प्रधानमन्त्री र सम्माननीय सभामुखसँग भेट गरी समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा राय र परामर्शसमेत लिएको थियो ।

सम्माननीय अध्यक्ष महोदय, अध्ययनलाई यथार्थ र तथ्यपरक बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, स्थानीय तह, प्रदेश योजना आयोगलगायतका निकायहरुसँग प्रश्नावलीका आधारमा विवरणसमेत माग गरिएको थियो ।

तर कतिपय निकायहरूबाट पर्याप्त विवरण नै प्राप्त हुन सकेन । प्राप्त भएका विवरणमा पनि यथेष्ट सूचना नहुँदा प्रतिवेदन लेखनमा प्रदेशका गोष्ठी र विभिन्न व्यक्ति तथा निकायहरूसँग भएका छलफललाई नै आधार मान्नुपर्ने अवस्था रह्यो । समय अभावका कारण समितिले चाहँदा चाहँदै पनि कतिपय सरोकारवाला निकाय र पदाधिकारीहरूसँग छलफल गर्न सकेन ।

समितिले विभिन्न चुनौतीहरूका बिचमा रहेर काम गर्नुपर्ने परिस्थिति सिर्जना भयो । यही अवधिमा सभामा विनियोजन विधेयकमाथिको छलफल भएको थियो । सभाबाट महत्त्वपूर्ण ३१ वटा बिधेयकहरू छलफल भई पारित भएका थिए । नेपालीहरूको महान चाड दसैं, प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको चटारोलगायतका कारण पनि समितिको क्रियाशीलतामा केही व्यवधान भयो ।

समिति सचिवालयमा खटिएका कर्मचारीहरूको दोहोरो/तेहोरो रूपमा कार्य जिम्मेवारी वहन गर्नुपर्ने वाध्यताका वावजुद पनि सचिवालयका कर्मचारीहरूले जुन मेहनतका साथ काम गर्नुभयो, त्यो सराहनीय रह्यो । यो प्रतिवेदन कर्मचारीहरूको अथक मेहनतको उपज त हुँदै हो । त्योभन्दा पनि महत्त्वपूर्ण समितिका सम्पूर्ण माननीय सदस्यहरूको सक्रिय सहभागिता र रचनात्मक सहयोगको परिणाम पनि हो ।

समितिको चार महिनाको अवधिमा ३४ वटा बैठक सम्पन्न भएका थिए । समितिका हरेक बैठकहरू त्यति नै महत्त्वपूर्ण छन् । समितिले प्राप्त गरेको २०७९ असोज २६ गतेसम्मको समायवधिमा सक्रिय रूपमा कार्य जिम्मेवारी वहन गर्दागर्दै पनि केही प्राविधिक समस्याका कारण प्रतिवेदन पेस गर्न सम्भव नभएकोले राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूसँगको परामर्शमा २०७९ कार्तिक १ गतेसम्म एक हप्ता म्याद थपका लागि अनुरोध गर्ने निर्णय समितिले गरेको थियो । तर पनि उक्त समयमा सभाको अधिवेशनसमेत अन्त भइसकेकोले सभामा प्रतिवेदन पेस गर्न सम्भव भएन ।

अध्ययनको मूल प्रतिवेदन र सातओटै प्रदेशका अलग अलग ७ ओटा गोष्ठी प्रतिवेदनहरू कात्तिक १७ गते सम्माननीय अध्यक्षसमक्ष पेस गरिएको थियो । प्रतिवेदनमा उल्लेखित सिफारिसहरू तत्कालै सार्वजनिक गरिएको पनि थियो ।

प्रतिवेदन बुझ्दै सम्माननीय अध्यक्षज्यूले प्रतिवेदनमा उल्लेखित सिफारिसहरूको कार्यान्वयनका लागि नेपाल सरकारलगायतका निकायहरूलाई निर्देशन गर्नुभएको थियो । सम्मानीय अध्यक्षज्यूको निर्देशनको कार्यान्वयनका लागि नेपाल सरकारलगायत सम्बद्ध निकायहरूलाई सचिवालयले सिफारिससहित पत्रचार गरिसकेको अवस्थासमेत छ ।

समितिले राजनीतिक संघीयता, प्रशासनिक संघीयता, वित्तीय संघीयतालगायत विभिन्न विषयगत क्षेत्रभित्र रहेर समय सीमा, जिम्मेवार निकाय र क्रियाकलापसहितका ९९ ओटा सिफारिसहरू गरेको छ । स्थलगत भ्रमणमा जाँदा कर्मचारीलगायतको ठुलो समस्या देखियो । कैयौँ ठाउँमा आफू अनुकूलका तल्लो तहका कर्मचारीलाई निमित्त बनाएर वित्तीय जोखिमलाई बढवा दिएको अवस्थासमेत पाइयो । यस्तो स्थितिमा हामीले सरोकार निकायलाई एक हप्ताभित्र समस्याको समाधान गर्नुपर्ने भनी सिफारिस गरेका छौं । सम्माननीय अध्यक्षज्यूसमक्ष प्रतिवेदन पेस गर्दा नेपाल सरकारका मुख्यसचिव र सम्बद्ध मन्त्रालयका सचिवहरूलाई समेत आमन्त्रण गरिएको थियो ।

सम्माननीय अध्यक्ष महोदय, केन्द्र र प्रदेशमा मन्त्रालय/मन्त्रीको सङ्ख्या धेरै भएकाले सङ्ख्यामा कटौती गर्ने, योजना तथा कार्यक्रमहको छनौट र कार्यान्वयन जथाभावी भएकाले यसको मापदण्ड बनाउने, शासन व्यवस्था र नागारिकप्रति राष्ट्रसेवकमा लगनशीलता र इमान्दारिता कायम गर्न जवाफदेहितासम्बन्धी कानुन बनाउने, स्थानीय तहको न्यायिक अधिकारको प्रयोगमा सहजीकरणलगायतका लागि कानुन अधिकृतको व्यवस्था गर्ने, कुनै पनि एक तहको सरकारले अर्को तहको अधिकार क्षेत्रसँग समानान्तर हुने गरी संस्थागत संरचनाहरू निर्माण नगर्ने, विभिन्न सरकारी कार्यालयहरूले प्रदान गर्ने सेवालाई छिटो, छरितो, विश्वसनीय र सहज बनाउन अनलाइन प्रणालीको स्थापना गर्ने, सेवाग्राही सहायता कक्षको व्यवस्था गर्ने, सिसी क्यामरालगायतका विधिको प्रयोग गर्ने तथा अनुगमन र निगरानीलाई प्रभावकारी बनाउनेलगायतका सिफारिसहरू समितिले गरेको छ ।

समितिका सिफारिसप्रति आम रूपमा सकारात्मक प्रतिक्रियासमेत प्राप्त भएको छ । राज्यका अधिकाङ्श स्थानमा समस्या छन्, प्वाल परेको स्थिति पनि छ, समितिले ती समस्याहरूको समाधान गर्न र परेका प्वालहरू टाल्नका लागि असल मनसायले सिफारिस गरेको

छ । प्रतिवेदनलाई अन्तिम रूप दिनु पहिला सिफारिसहरूलाई कार्यान्वयनयोग्य बनाउन सरोकारवालाहरूसँग घनिभूत छलफलसमेत गरिएको थियो ।

संघीय शासन प्रणालीको सवलीकरण विषयमा प्रदेशस्तरमा सञ्चालन भएका सबै कार्यक्रमहरूमा राष्ट्रिय सभाका सम्मानीय अध्यक्ष आफै उपस्थित भई विषयको उठान र समस्याहरूको पहिचानलगायत समितिलाई प्रभावकारी रूपमा कार्यसम्पादन गर्न मार्गदर्शन गर्न सहयोग उपलब्ध गराउनुभएकोमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षप्रति समिति हार्दिक आभार प्रकट गर्दछ । राष्ट्रिय सभाबाट पारित सङ्कल्प प्रस्ताव कार्यान्वयनको कार्यायोजना तर्जुमाका लागि समितिले नेपाल सरकारलाई गरेको निरन्तर ताकेता र निर्देशनका कारण नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकले संघीयता कार्यान्वयनसम्बन्धी कार्यान्वयन कार्ययोजना, २०७९ समेत स्वीकृत गरेको छ । यसका लागि नेपाल सरकारलाई समिति विशेष धन्यवाद दिन्छ र स्वीकृत कार्ययोजनाको अक्षरशः कार्यान्वयनको अपेक्षा पनि गर्दछ ।

विशेष समितिले निर्णय गरी प्रतिवेदनमा उल्लिखित सिफारिसहरू कार्यान्वयनको निरन्तर अनुगमन र पृष्ठपोषणका लागि समितिले सिफारिस गरेबमोजिमका संयुक्त समिति गठन नभएसम्म राष्ट्रिय सरोकार तथा समन्वय समितिलाई अनुरोध गरेको छ र ती सिफारिसहरूको प्रभावकारी कार्यान्वयनका लागि संघीय संसदका सबै समितिहरूलाई आआफ्नो कार्यक्षेत्रअन्तर्गतका विषयहरूको कार्यान्वयनको अनुगमन गर्नसमेत समितिले लेखी पठाएको छ ।

सम्माननीय अध्यक्ष महोदय, संघीय शासन प्रणालीको सवलीकरण सम्बन्धमा समितिलाई सुझाव दिई मार्गदर्शन गर्नुभएकोमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाज्यू, सभामुख अग्निप्रसाद सापकोटाज्यूप्रति समिति आभारी छ ।

राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलका नेताहरू, संघीय संसदका समितिका सभापतिहरू, बैठकमा उपस्थित भएर आफ्नो राय सुझाव प्रदान गर्नुहुने संघीय संसदका माननीय सदस्यहरूप्रति हार्दिक धन्यवाद छ । अन्तरक्रिया कार्यक्रममा महत्त्वपूर्ण सुझावहरू प्रदान गर्नुहुने सातै प्रदेशका मुख्यमन्त्रीहरू, पूर्व मुख्यमन्त्रीहरू, मन्त्रीहरू, प्रदेश सभाका सभामुख र प्रदेश सभाका सदस्यहरू, स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरूप्रति विशेष धन्यवाद छ ।

प्रदेशस्तरीय र पालिकास्तरीय अन्तरक्रिया कार्यक्रमहरूको व्यवस्थापकीय कार्यमा सहयोग पुर्याउने प्रदेश सरकार, प्रदेश सभा र सम्बन्धित पालिका तथा समितिका केही प्राविधिक एवं

समन्वकारी सहयोगका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विशेष धन्यवाद छ ।

नेपाल सरकारका माननीय मन्त्रीहरू, मुख्यसचिव, समितिको काममा समन्वयात्मक रूपमा सहयोग पुर्याउनुहुने संघीय संसद्का महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालय सचिव, मन्त्रालयका सचिव, प्रदेशका प्रमुख सचिवहरू, विभिन्न आयोगहरू, विभागहरू तथा अन्य निकायका पदाधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, समितिमा उपस्थित भई आफ्नो धारणा राखे र कार्यपत्र पेस गर्ने विषय विज्ञहरू, सञ्चारकर्मीहरू, समितिका सचिव र समितिको सचिवालयमा कार्यरत कर्मचारीहरू, मुद्रण शाखाका कर्मचारीहरूलगायत प्रत्यक्ष, परोक्ष रूपमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, प्रतिवेदनमा उल्लिखित सिफारिसहरूको कार्यान्वयनबाट संघीय शासन प्रणाली सबल र सुदृढ हुने विश्वास गर्दै उल्लेखित सिफारिसहरू कार्यान्वयनका लागि यस सम्मानित संसदबाट नेपाल सरकारलगायत सबै सरोकारवाला निकायहरूप्रति विशेष ध्यानार्कषण गराउँछु ।

अन्तमा, हामीलाई राष्ट्रिय सभाको सिङ्गो बैठकबाट विश्वाश गरेर जुन भूमिका र जिम्मेवारी प्रदान भयो, यसका लागि पुनः सम्मानीय अध्यक्षज्यूलगायत राष्ट्रिय सभाका सबै माननीयहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, समितिको निर्णयबमोजिम २०७९ असोज २६ देखि २०७९ कात्तिक १ गतेसम्म समितिको म्याद एक हप्ता थपको प्रस्ताव पेस गर्दै सोको अनुमोदनको लागि सभासमक्ष अनुरोध गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ र सातै प्रदेशमा सञ्चालित अन्तरक्रिया कार्यक्रमका प्रदेशगत अलग अलग ७ ओटा प्रतिवेदनहरू सभासमक्ष पेस गर्दछु । हवस् त, धन्यवाद । नमस्कार ।

**(१५:०० बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब सङ्घीयता कार्यान्वयन, अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक माननीय खिमलाल देवकोटाले राख्नुभएको समितिको म्याद थपको प्रस्तावलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले टेबल ठोकेर सहमति जनाउनुभएको)

मानननीय सदस्यहरू, सङ्घीयता कार्यान्वयन, अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको म्याद थपसम्बन्धी प्रस्तावलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँदछु ।

मानननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल माघ ५ गते बिहीवार १:०१ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, यो बैठक २०७९ साल माघ ५ गते बिहीवार १:०१ बजे बस्ने गरी यो बैठक स्थगित भयो)

**स्थगितः १५:०१ बजे।**